# भूमिका

अनिवार्य, निःशुल्क तथा गुणस्तरीय शिक्षा प्राप्त गर्नु प्रत्येक वालवालिकाको जन्मसिद्ध अधिकार हो । शिक्षा देश विकास र सम्बृदिको मुल आधार हो । नेपालको संविधान २०७२ ले शिक्षालाई प्रत्येक व्यक्तिको मौलिक हकको रुपमा स्थापित गरेको छ । आधारभूत तह निःशुल्क एवं अनिवार्य र माध्यमिक तह निःशुल्क हुने सुनिश्चितता संविधानले गरेको छ । राज्य सवल, सक्षम र सम्पन्न बन्नको लागि शिक्षामा लगानी हुन जरुरी छ । बर्तमान अवस्थामा विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्नुपर्ने देखिन्छ । राज्यको पुनर्संरचना पछि आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय सरकारलाई दिइएको छ । साँफेबगर नगरपालिका शिक्षा क्षेत्रको योजना (२०७८-२०८७) ले "व्यवहारिक, जीवन उपयोगी, प्राविधिक तथा व्यवसायिक शिक्षाका माध्यम बाट दक्ष जनशक्ति उत्पादन गरी राष्ट्रकै नमुना नगर" बनाउन सहयोग गर्ने दीर्घकालिन सोच तथा गन्तब्य राखेको छ । शिक्षालाई सर्बसुलभ बनाई शैक्षिक अवसर अभिवृद्धिले सबैलाई गुणस्तरीय शिक्षाको पहुँच पुर्याइ वर्तमान आवश्यकता अनुकुल सीपमुलक र रोजगारीमूलक शिक्षा प्रदान गर्नु र नगरपालिकाको समग्र शिक्षा प्रणालीको दक्षता, प्रभाबकारीता, जवाफदेहिताको सुधार गर्दै समतामुलक गुणस्तरीय शिक्षा प्रदान गरी सक्षम नागरिक उत्पादन गर्ने यस नगर शिक्षा योजनाको औचित्य रहेको छ । साँफेबगर नगरपालिकाको शिक्षा क्षेत्रमा देखिएका समस्याहरुलाई समाधान गरी शैक्षिक गुणस्तर अभिबृद्धि गर्न यो योजना कोसेढुङ्गा साबित हुने अपेक्षा गरिएको छ । यो योजना विद्यमान सरकारी नीति, साँफेबगर नगरपालिका शिक्षा ऐनको आधारमा जनप्रतिनिधीहरु, विद्यालयका प्रधानाध्यापकहरु, संघ संथाका प्रतिनिधीहरु, स्थानीय वुद्धिजिवीहरु र सरोकारवालाहरुको सहभागितामा तयार गरिएको हो । यो योजना तयार गर्ने साँफेबगर नगरपालिकाका प्रमुख श्री कुल बहादुर कुँवर, उपप्रमुख श्री विमला देवि बुड्थापा एवम् प्रमुख प्रशासकिय अधिकृत श्री लक्ष्मि प्रसाद शर्मा र शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख श्री लक्ष्मण गिरि वाट प्राप्त मार्गदर्शन अत्यन्त महत्वपूर्ण छ । यो योजना तयार गर्न आफ्नो महत्वपूर्ण समय दिई निरन्तर खट्नुभएका राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम जिल्ला संयोजक श्री अनुप नेपाली धन्यवादका पात्र हुनुहुन्छ । साथै योजना तयारीमा आवश्यक सहयोग गर्ने साँफेबगर अन्यमा यो योजनालाई आवश्यकता अनुसार अद्यावधिक गर्दै लगिने भएकोले यसलाई थप प्रभावकारी, उपयोगी र व्यवहारिक तुल्याउन सम्बन्धित सरोकारवालाहरुबाट रचनात्मक सुझाव र हौसलाको अपेक्षा गर्दछौ ।

कार्यदल
नगर शिक्षा क्षेत्र योजना निर्माण

## शुभकामना

नेपालको संविधान २०७२ को अनुसुची ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा आधिकार स्थानीय तहमा रहेको र सो अधिकारको उचित कार्यान्वियनका लागी स्थानीय तहले आफ्नो छुट्टै शैक्षिक योजना मार्फत शिक्षा क्षेत्रलाई व्यवस्थित गर्न यस नगरपालिकाले १० बर्षे शिक्षाको योजना तयार गरेको छ । स्थानीय तहका विविध क्षेत्रहरुलाई व्यवस्थापन गर्न रणनितिक योजनाहरु आवश्यक पर्ने गर्दछन । "व्यवहारिक, जीवन उपयोगी, प्राविधिक तथा व्यवसायिक शिक्षाका माध्यम बाट दक्ष जनशक्ति उत्पादन गरी राष्ट्रकै नमुना नगर" बनाउन सहयोग गर्ने दीर्घकालिन सोच तथा गन्तब्य सहित साँफेबगर नगरपालिका शिक्षा क्षेत्रको योजना (२०७८-२०८७) ले साँफेबगर नगरपालिकाको दीर्घकालिन सोच "समृद्ध साँफेबगर-बनाऔ राष्ट्रकै नमुना नगर" लाई पुरा गर्न सहयोग गर्ने अपेक्षा लिएको छु । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो विकास, शान्ति, सुशासन र समृद्धिको आकाङ्क्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगार मूलक एवम् जनमुखि बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिकवान एवंम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य वनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनि नेपालको संविधान २०७२ को भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ । राष्ट्रियस्तरमा तयार गरिएको योजनाले स्थानीय तहका सवै आवश्यकता परिपूर्ति गर्न असम्भव हुने भएकाले शिक्षालाई बिकेन्द्रीत योजनाको रूपमा स्थानीय तहमा स्थानीय जनसमुदाय र सरोकारवाला पक्षको प्रत्यक्ष संलग्नतामा नगर शिक्षा योजना निर्माण गरिएकोछ । नगर शिक्षा योजना, विद्यालय सुधार योजना, विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर, कार्यान्वियन तथा कार्यसम्पादनको जिम्मेवारी जस्ता विषयमा सुधारका रणनीतिहरू मार्फत् विद्यालय बाहिर रहेको बालबालिकाहरूलाई निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमवाट शिक्षाको गुणस्तरीय पहुँच पुर्याउन, सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै बालबालिकालाई सिकाईका सबै अवसरहरू प्रत्याभूति दिनका लागि यो नगर शिक्षा योजना निर्माण गर्ने पहिलो प्रयास गरिएको छ । नगरपालिका भित्रका शैक्षिक मुद्दा तथा चुनौतिहरूलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त यस नगरपालिका सम्बद्ध जनप्रतिनिधि, वडा शिक्षा समिति, विद्यालयहरू, प्राविधिक तथा सीपमूलक शिक्षण संस्थाहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अन्य सम्वद्ध शैक्षिक संस्थाहरूको अन्तरक्रिया, छलफल सम्पन्न गरी योजनाको निर्माणमा प्राथमिकता प्रदान गरिएको छ । वास्तवमा शिक्षा क्षेत्रको योजना सबै पक्षहरु समेटी निमार्ण गर्नु जटिल एवं चुनौतीपूर्ण कार्य भएको छ तापनि यो योजना निर्माणमा योजना निर्माण कार्यदलको काम अत्यन्तै प्रंशंसनीय रहेको छ । यस कार्यमा निरन्तर तथा अहोरात्र खटिनु भएका शिक्षा योजना निर्माण कार्यदलका सदस्यहरु, सहजिकरण गर्नुहुने शिक्षा शाखा प्रमुख श्री हिरा दत्त भट्ट लगायत शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख श्री लक्ष्मण गिरी एवम् राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम जिल्ला संयोजक श्री अनुप नेपाली प्रति हार्दिक आभार प्रकट गर्दछु । अन्त्यमा राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रमले पुर्याउनु भएको प्राविधिक सहयोगको उच्च मूल्याङ्कन गर्दै यस योजनाको प्रभावकारी कार्यान्वयनमा आगामी दिनका जनप्रतिनिधिहरुको अहम भूमिका रहने छ भन्ने अपेक्षा सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

कुल बहादुर कुँवर
नगर प्रमुख

## कार्यकारी सारांश

कुनै पनि क्षेत्रको व्यवस्थित र योजनाबद्ध विकासका लागि सरोकारवालाहरुको प्रत्यक्ष संलग्नता र तथ्यमा आधारित कार्यान्वयन योग्य योजना निर्माण गरी कार्यान्वयन गरिनु पर्दछ । यसै सन्दर्भमा नेपालको परिबर्तित राजनीतिक र प्रशासनिक तीन तहको राज्य पुनः संरचना तथा नयाँ संविधान अनुरुप हुने गरी साँफेबगर नगरपालिका अछामले पनि गुणस्तरीय एबम् सर्वसुलभ विद्यालय शिक्षाको विकास र सुधारका लागि प्रस्तुत शिक्षा क्षेत्रको योजना (२०७८-२०८७) तयार गरिएको छ । यस योजना निर्माणका क्रममा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, शिक्षाप्रेमीहरु, सामाजसेवी, राजनितिज्ञ,विद्यार्थीहरु लगायतको अन्तर्क्रियाबाट विद्यालय शिक्षाका विद्यमान समस्या, अवसर र चुनौती पहिचान तथा समस्या समाधानका लागि सुझाबहरु संकलन गरिएको छ । सरोकारवालाहरुको अन्तरक्रियाबाट विद्यालय शिक्षा क्षेत्रमा भौतिक सुविधा, जनशक्ति व्यवस्थापन, विद्यार्थीको सिकाई उपलब्धी, शिक्षक पेसागत सहयोग, अभिभावकहरुको विद्यालय व्यवस्थापनमा सक्रियता र भौतिक तथा आर्थिक लगायतका पक्षमा मुख्यतयाः समस्या औल्याएको छ ।

यस शिक्षा क्षेत्रको योजनाले साँफेबगर नगरपालिकामा परम्परा देखी हालको शिक्षाको विकास क्रम, नगरपालिकाको शैक्षिक तथ्याङ्क सहितको विवरण र विद्यमान अवस्था एबम् आगामी दिनमा विद्यालय शिक्षाका क्षेत्रमा गर्नुपर्ने रणनीतिक क्रियाकलाप तथा कार्यक्रमहरु समेटेको छ । यस योजनामा टड्कारोको रुपमा पहिचान गरिएका समस्याहरु समाधानका लागि चुनौतिहरु पहिचान गरी सामाधानका लागि  उद्धेश्य, कार्ययोजना, र विद्यालय शिक्षाको विकास र अपेक्षित सुधार गर्न मुख्य मुख्य रणनीतिक क्रियाकलापहरु प्रस्तुत गरिएको छ । यो शिक्षा क्षेत्रको एक ऐतिहासिक र मार्गदर्शक दस्ताबेजका रुपमा रहेको छ । यस योजनाको अन्त्य सम्ममा सवै वालवालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास देखि माध्यमिक तहको शिक्षाको पहुँचमा अवसर सुनिश्चित हुने र अनिवार्य तथा निःशुल्क शिक्षा भई शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने छ ।  यस योजनाको सफल कार्यान्वयनले साँफेबगर नगरपालिकाको शिक्षा क्षेत्रमा अनुकरणीय सुधार हुने अपेक्षा गरिएको छ । यसको कार्यान्वयनका क्रममा हासिल हुने अनुभवका आधारमा निरन्तर परिमार्जन गरिदै लगिने भएकोले सरोकारवाला, कार्यान्वयनकर्ता र विज्ञहरुवाट निरन्तर सिर्जनात्मक सुझाबको अपेक्षा गरिएको छ ।

अतःशिक्षा क्षेत्रको योजना कार्यान्वयनमा विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, शिक्षक अभिभावक संघ, विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समिति, वडा कार्यालय, शिक्षा युवा तथा खेलकुद शाखा,नगर शिक्षा

समिति, नगर कार्यपालिका, जनप्रतिनिधि लगायत सम्पूर्ण सरोकारवाला, कार्यान्वियनकर्ता र विज्ञहरुवाट निरन्तर सिर्जनात्मक सुझावको अपेक्षा गरिएको छ ।

# परिच्छेद -१ पृष्ठभूमी

## १.१ परिचय

शिक्षाको आवश्यकता मानव विकासको शुरुवात अवस्था देखि नै भएको हो । शिक्षालाई देश विकासको मेरुदण्डका रुपमा लिइन्छ । दैनिक जीवन निर्वाह गर्न देखि व्यक्ति, समाज र राष्ट्र निर्माणमा समेत शिक्षाको आवश्यकता रहेको छ । आजको शिक्षाले व्यवसायिक तथा प्राविधिक जनशक्ति उत्पादन गरि व्यक्तिलाई विश्व बजारमा खप्न सक्ने क्षमता तथा दक्षता विकास गरेको हुनु पर्दछ । नेपालमा परापूर्व काल देखि नै शिक्षाको थालनी भए तापनि औपचारिक शिक्षाको थालनी वि.स. १९१० साल देखि भएको हो । शिक्षाको समग्र विकासका लागि विभिन्न समयमा फरक-फरक शिक्षाका योजना तथा परियोजनाहरुले शिक्षा क्षेत्रमा केहि सुधार गरेको देखिन्छ । नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षाको सम्पूर्ण व्यस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चितताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रमुख कर्तव्य हुनेछ । समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागी आजिवन सिकाईका अवसरहरु प्रदान गर्ने दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य नं.४ मा रहेको छ ।

हाल सम्म शिक्षा क्षेत्रमा भइरहेका प्रयासलाई आत्मसात गर्दै साँफेबगर नगरपालिकाले १० वर्षे शिक्षा क्षेत्रको योजनामा नयाँ प्रविधिमूलक तथा व्यवसायिक शिक्षामा जोड दिएको छ । यस नगरले शिक्षा प्राप्त गर्ने मौलिक अधिकारलाई स्थापित गर्न प्रतिकूल अवस्थामा पनि विभिन्न प्रकारका वैकल्पिक माध्यमबाट शिक्षा लिने दिने कार्य गरेको छ । नगरपालिका भित्र आगामी दिनमा बन्ने भौतिक संरचनाहरु भूकम्प प्रतिरोधक, अपांगता तथा वालमैत्री निर्माण गर्न तर्फ प्रेरित गरिने छ ।

यस साँफेबगर नगरपालिकाको शिक्षा क्षेत्र योजनाको निर्माणमा नगर भरी हाल सम्मको शिक्षा स्थितिलाई विश्लेषण गर्दै आगामी १० वर्ष भित्र शिक्षाका क्षेत्रहरु (प्रारम्भिक वालविकास देखि माध्यमिक शिक्षा लगायत अनौपचारिक शिक्षा, प्राविधिक शिक्षा आदि) को भौतिक, प्रशासनिक, प्राज्ञिक, आर्थिक, शिक्षक व्यस्थापन, शिक्षकको मनोवल अभिवृद्धि र सामुदायिक विद्यालयमा अभिभावकको उत्सुकता लगायत अन्य विविध क्षेत्रमा सबल बनाउँदै समावेशी, समतामूलक, गुणस्तरीय ,प्राविधिक, रोजगारमूलक र मूल्य उन्मुख शिक्षा प्रदान गर्न आवश्यक भएकोले माथिका क्षेत्रहरुलाई शिक्षा योजनामा समावेश गरिएको छ ।

### १.२ कानुनी व्यवस्था

नेपालको संविधानमा शिक्षा सम्बन्धी मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरू र प्राथमिकताका क्षेत्रहरूको उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग ३ को मौलिक हक सम्बन्धी धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा निम्नानुसारका मौलिक हकको व्यवस्था गरिएको छ ।

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

- अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ ।

यसै गरी धारा ३८ मा महिलाको हक सम्बन्धी उपधारा (५), धारा ३९ मा बालबालिकाको हक सम्बन्धी उपधारा (२), (३) (७) र (९), दलितको हक सम्बन्धी धारा (४०) उपधारा (२) मा, सामाजिक न्यायको हक सम्बन्धी धारा ४२ को उपधारा २ र उपधारा ५ मा शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ । यसै गरी संविधानको भाग ४ मा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धी धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिहरूमा शिक्षा सम्बन्धी ४ वटा प्रमुख नीतिहरूलाई प्राथमिकताका साथ उल्लेख गरिएको छ । नेपालको संविधानको राज्य संरचना र राज्यशक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र नगर वा गाउँ सभाले बनाएको कानून बमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको अनुसूचि ५, ६, ७, ८ र ९ मा अन्य संवैधानिक निकायहरूका साथै शिक्षासंग सम्बन्धित अधिकार र राज्यशक्तिको बाँडफाँडको व्यवस्था संघ, प्रदेश र स्थानीय सरकारलाई गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (ज) ११  मा स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन एवं सञ्चालनको अधिकार प्रदान गरिएको छ । यसैगरी दिगो विकास लक्ष्य नं. ४, राष्ट्रिय शिक्षा नीति २०७६, नेपाल सरकारको पन्ध्रौ योजना सरकारका नीति तथा कार्यक्रम र सरकारको बजेटमा पनि शिक्षा क्षेत्रलाई प्राथमिकता दिइएको छ ।

## १.३ नगरपालिकाको परिचय

### क) भौगोलिक अवस्थिति

साँफेबगर नगरपालिका सामुन्द्रिक सतहबाट करिव ५५० मिटर देखि ३३०० मिटर उचाइमा अवस्थित प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता बोकेको क्षेत्र हो ।  भौगोलिक अवस्थितिका हिसाबले २९ डिग्री  ५ मिनेट ४० सेकेण्ड उत्तरदेखि २९ डिग्री १६ मिनेट ४१ सेकेण्ड उत्तरी अक्षांश र ८१ डिग्री ५३ मिनेट ४० सेकेण्ड पूर्वदेखि ८२ डिग्री ३ मिनेट ५१ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ ।  साँफेबगर नगरपालिका अछाम जिल्लाको जिल्ला सदरमुकाम मंगलसैन देखि करिब ३७ कि.मी. को दूरीमा उत्तर पश्चिम भागमा रहेको छ । यस नगरपालिकाको पूर्वमा बान्निगढी जयगढ गाउँपालिका र मेल्लेख गाउँपालिका, पश्चिममा चौरपाटी गाउँपालिका,  दक्षिणमा मंगलसैन नगरपालिका र उत्तरमा बाजुरा जिल्लासँग सिमाना जोडिएको छ । जिल्लाको कुल क्षेत्रफलको ९.८५ प्रतिशत भूभाग ओगट्ने यस नगरपालिकाको क्षेत्रफल १६६.३७ वर्ग कि.मी. रहेको छ ।

### ख) ऐतिहासिक चिनारी तथा नामाकरण

साँफेबगर नगरपालिकाको नामकरणको सन्दर्भमा स्थानीय जानकार व्यक्तिका अनुसार धेरै वर्ष पहिले हालका साँफेबगर क्षेत्रमा बाघले आतंक मच्चाएको अवस्था थियो । स्थानीय वासीले उक्त बाघलाई मार्ने अनेक प्रयास गरे पनि सफल हुन सकेनन । थापेको पासोबाट पनि बाघ उम्किन थाल्यो तर बाघ पक्रनको लागि नयाँ जुक्ति निकालियो । जसअनुसार बाघको आकारको अनुमान गरेर नापको आधारमा साँफेको विभिन्न ३/४ ठाउँमा पासो थापियो पासोमा बाघ पार्न सफलता मिल्यो । अछामी भाषामा नाप्नुलाई साप्नु र पासोलाई पगार भन्ने गरिन्छ । सापेर (नापेर) थापेको पगार (पासो) मा बाघ परेको हुँदा उक्त स्थानलाई सापे पगार भन्न थालियो । कालन्तरमा अपभ्रंश भई साँफेबगर हुन गएको भन्ने बुझाई रहेको छ । हालसम्म पनि स्थानीयवासी साँफे नभनेर साप्या भन्ने गर्दछन् ।

वि.सं. २०१६ मा हालभन्दा पहिलेको एयरपोर्ट भएको स्थान हुँदै बुढीगंगा नदी बग्ने गरेतापनि सोही साल बुढीगंगा नदीले धार परिवर्तन गरी हालको अवस्थामा आएको थियो । साँफे क्षेत्रमा व्यापारको शुरुवात वि.सं. १९९७ सालतिर स्थानीय बखजन कुँवरले हालको साँफेबगर नगरपालिका ३ को कालभैरव मन्दिर नजिकको ओढारमा गाउँमा उत्पादन भएका केही वस्तुहरू बिक्रिका लागि राखेर गर्नु भएको भनाइ रहेको छ । पछि बिस्तारै बजारको रुप लिएको देखिन्छ, भने वि.सं. २०३० सालतिर साँफेमा एयरपोर्ट सञ्चालनमा आएपछि एयरपोर्ट क्षेत्रमा बजार विस्तार भएको हो । सिलगढी-साँफे सडकको विस्तार भएपछि वि.सं. २०५३ सालमा साँफे हाटबजारको स्थापना भएको हो ।

### ग) राजनीतिक अवस्थिति

साँफेबगर नगरपालिका सुदुरपश्चिम अन्तर्गत अछाम जिल्लाको उत्तरी भागमा अवस्थित रहेको छ । कुल १४ वटा वडामा विभक्त साँफेबगर नगरपालिका अछाम जिल्लामा रहेका विद्यमान ४ वटा नगरपालिका र ६ वटा गाँउपालिका गरी कुल १० वटा स्थानीय तहमध्ये एक हो । नगरपालिकाको केन्द्र साविक साँफेबगर नगरपालिकाको कार्यालय रहेको स्थानमा रहेको छ । पूर्ववत रुपमा नेपालको सुदूरपश्चिम विकास क्षेत्रमा पर्ने सेती अञ्चलमा रहेको यो नगरपालिका जिल्ला भित्रको प्रतिनिधि सभा निर्वाचन प्रयोजनका लागि निर्वाचन क्षेत्र नं. १ र प्रदेश सभा निर्वाचन प्रयोजनका लागि तय गरिएको प्रदेश निर्वाचन क्षेत्र (क) अन्तर्गत पर्दछ ।

### घ) धरातलीय अवस्था

मध्य पहाडी क्षेत्रको उच्च पहाडी जिल्ला अन्तर्गत रहेको यस क्षेत्रमा धरातलीय स्वरुपका हिसाबले उच्च पहाडी उपत्यकाभित्रको समथर क्षेत्र रहेको छ । तथापि, होचा तथा अग्ला पहाडी श्रृंखलाका काखमा रहनुका साथै समथर भू-बनोट भएको यस नगरपालिकामा विविधतायुक्त धरातलीय अवस्थिति रहेको छ । यस क्षेत्रमा मुख्यःतया

नदी तटीय क्षेत्र साँफेबगर लगायतका स्थानहरूमा समथर भूभाग रहेको छ । नगरपालिकाको माथिल्लो क्षेत्रमा चट्टानी भूभाग, पाटन तथा वन जंगल रहेको देख्न सकिन्छ ।

### ङ) प्राकृतिक सम्पदा र भू-उपयोग

प्राकृतिक स्रोतका हिसाबले सम्पन्न साँफेबगर नगरपालिकामा खप्तड राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र, एक दर्जनभन्दा बढी साना ठूला नदी तथा खोलाहरू, वालुवा लगायतका नदीजन्य खनिज, चरण क्षेत्र रहेका छन् । खप्तड राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रले वडा नं. १४ पातलकोट, वडा नं. ९ बुढाकोट, वडा नं. ११ देवीस्थान र वडा नं. १२ खप्तड क्षेत्रको भूभागलाई समेटेको छ । जलस्रोतका दृष्टिले बुढीगंगा नदी, आरद्वाली (तालरवा) गाड, जिजाडी गाड, प्रभाली (सैनी) गाड, छिपे खोला लगायत सीमानामा बहने कैलाश खोला, लुंग्रेली गाड, इकडी गाड र विम्कोटी खोला रहेका छन । त्यसै गरी यस नगरपालिकाको वडा नं. १३ बाब्लामा सुग्दह नामको ताल रहेको छ । यसका अतिरिक्त यस नगरपालिकाको क्षेत्रमा पर्ने खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्रमा थुप्रै ताल तथा सिमसार क्षेत्र रहेका छन् । लोपोन्मुख प्रजातिको नौंमुठे गाई, डाँफे, मुनाल, घोरल, चितुवा, कस्तुरी, रतुवा, देवदार, सल्लो जस्ता वनजन्य वनस्पति पनि पाइन्छ । जंगल क्षेत्रमा पाइने प्रमुख जडीबुटीका रुपमा पाखनबेद, सतुवा, पाँच औले आदि रहेका छन । त्यसैगरी रानीसैन तथा बाहुलढुंगा (मालिका मन्दिर) क्षेत्र, हाडासैन माडी (सिद्धधुनी) प्रभा, ओख्रीकोट भगवती मन्दिर, पातलकोट, भिर्कु गुफा, भिर्कु झरना (धवल छडा), कालिका मन्दिर देवीस्थान, धवल छडा भेरासैन खप्तड, जाल्पादेवी मन्दिर श्रीकोट, वैद्यनाथ धाम, जिमराडी, नैनी, विमकोट दरबार,कालभैरव मन्दिर आदि महत्वपूर्ण पर्यटकीय स्थलहरु रहेका छन ।

### च) साँस्कृतिक उत्कृष्टता

ऐतिहासिक महत्वको डोटेली साँस्कृतिक विशेषता बोकेको यस क्षेत्रमा खस सभ्यता तथा हिन्दू संस्कृतिको अनुपम संगम रहेको छ । क्षेत्री, ब्राह्मण, दलित जातिको मिश्रित बसोवास रहेको यस नगरपालिकामा मुख्य बोलीचालीको भाषा अछामी रहेको छ । धार्मिक रुपमा हिन्दू धर्मालम्बीहरूको उच्च बाहुल्यता रहेको भएपनि छिटफुट रुपमा क्रिश्चियन र मुस्लिम समुदायको पनि बसोबास रहेको छ । यो क्षेत्रमा मनाइने चाडपर्वहरूमा कृष्णाष्टमी, तीज, जनैपूर्णिमा, दशै, तिहार, माघे सक्रान्ती, होली, चैते दशै, बिशु, भुवो, अनन्ते मेला,पुतला, गौरा, पुसको १५ आदि रहेका छन । धार्मिक तथा भाषिक रुपमा करिव एकरुपता रहेको यो क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न क्रियाकलापहरूले यहाँको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन । भेषभूषाका रुपमा पुरुषहरूले मुख्य रुपमा पाइन्ट, सर्ट, ज्याकेट, दौरा सुरुवाल, टोपी तथा कोट र महिलाले गुन्यु चोली, कुर्ता सुरुवाल, साडी र पटुकी लगाउने गर्दछन् ।

## १.४ साँफेबगर नगरपालिकाको शिक्षाको वर्तमान अवस्था

यस नगरपालिकाका १४ ओटै वडा अन्तर्गत सामुदायिक विद्यालय ६५ र संस्थागत विद्यालय ७ गरी जम्मा ७२ वटा विद्यालयहरु छन। सामुदायिक तर्फ १४ वटा र संस्थागत तर्फ २ वटा गरी १६ वटा माध्यमिक र सामुदायिक तर्फ ५१ वटा र संस्थागत तर्फ ५ वटा गरी ५६ वटा आधारभूत विद्यालयहरु रहेका छन । त्यसै गरी समुदायमा आधारित १३ वटा र विद्यालयमा आधारित ६५ वटा गरी ७८ वटा बालविकास केन्द्रहरु रहेका छन भने ६ वटा सामुदायिक अध्ययन केन्द्रहरु छन । नगरपालिका भित्रमा २ वटा उच्च शिक्षा प्रदायक (क्याम्पस) संस्थाहरु रहेका छन् । नमुना विद्यालयको रुपमा १ विद्यालय संचालनमा छ भने सुदूरपश्चिम प्रदेश-सामाजिक विकास मन्त्रालयबाट आधारभूत पूर्वाधार सहितको ठुलो विद्यालयको अनुमति १ विद्यालयले प्राप्त गरेकोछ । प्राविधिक धार तर्फ सिटीईभिटिबाट १ डिप्लोमा (ईञ्जिनियरिङ) र २ वटा प्रि-डिप्लोमा (ईञ्जिनियरिङ, पशुविज्ञान) विद्यालयहरु र शिक्षा विकास तथा मानव श्रोत विकास केन्द्रबाट वालिविज्ञान विषयमा २ वटा विद्यालयहरु संचालित छन ।

**नगरपालिका भित्र संचालित शैक्षिक संस्था तथा विद्यार्थी विवरण**

| शैक्षिक सस्था | शैक्षिक सस्था संख्या | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| बालविकास केन्द्र सामुदायिक र संस्थागत | ७८ | ६८५ | ८२५ | १५१० |
| आधारभूत तह | ५५ | ३६६५ | ३५२५ | ७१९० |
| माध्यमिक तह | १६ | १३९० | ११४८ | २५३८ |
| क्याम्पस | २ | ३७९ | २५८ | ६३७ |
| सामुदायिक अध्ययन केन्द्र | ६ | ० | ० | ० |
| जम्मा | | ६०६२ | ५६९६ | ११७५८ |

स्रोतः IEMIS-2077

### १.४.१ नगरपालिका शिक्षा क्षेत्रका समस्या/चुनौतिहरु

- नगरपालिकाको सिकाइ उपलब्धि न्यून हुनु ।
- गुणस्तरीय शिक्षा प्रदान गर्न नसकिनु ।
- उपयुक्त भौतिक संरचनाको अभाव ।
- प्राविधिक र व्यवसायमूलक शिक्षाको पहुँचमा कमी ।
- शिक्षक विद्यार्थी अनुपात, तहगत तथा विषयगत रुपमा दरबन्दी नहुनु ।
- शैक्षिक क्षेत्रको तथ्याङ्क व्यवस्थापन तथा प्रयोग अपेक्षित रुपमा गर्न नसकिनु ।
- शिक्षा संग सम्बन्धित जिम्मेवार निकायलाई जवाफदेही तथा उत्तरदायी बनाउन नसक्नु ।
- सिप तथा प्रविधियुक्त जनशक्ति व्यवस्थापन गर्न नसक्नु ।
- संस्थागत विद्यालयलाई नियमन गर्न नसक्नु ।

- विद्यालय छोड्ने दरलाई कम गर्न नसक्नु ।
- नक्शांङ्कनका आधारमा विद्यालय समायोजन गर्न नसक्नु ।

### १.४.२ अवसरहरु

नेपाल सरकारले आधारभुत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरे संगै कोहि पनि बालबालिका शिक्षाको अवसरबाट बन्चित हुन पर्ने अवस्था हटेको छ । माध्यमिक तहसम्मको अधिकार स्थानीय तह लाई दिए संगै आफ्नो स्थानीय तह भित्रका विद्यालयको अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रदान गर्न, शिक्षक व्यवस्थापन, सिकाइ उपलब्धि संगै अन्य थुप्रै गतिविधि संचालन गरेर समय सापक्ष शैक्षिक उपलब्धि वृद्धि गर्न सकिन्छ । विभिन्न साझेदारी संस्थाको लगानी तथा सहभागिताबाट शिक्षा क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्न सकिन्छ । नगरपालिकाभित्र शिक्षा क्षेत्रमा गुणस्तर कायम गर्न सम्बन्धित पक्ष सचेत तथा सजग रहनु, विभिन्न क्रियाशील संघ संस्थाहरुको सहकार्य हुनु, तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य हुनु, माध्यमिक तहको शिक्षामा पहुच वृद्धि हुनु, प्राविधिक तथा व्यवसायिक विद्यालय संचालन हुनु आदि लाई अवसरका रुपमा लिएको छ ।

### १.४.३ योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको योजना निर्माण कार्य ढाँचा -२०७६ अनुसार नगरपालिकाको शिक्षा योजना निर्माण गर्न सामाजिक विकास समितिका संयोजकको संयोजकत्वमा ५ सदस्यीय शिक्षा योजना लेखन समिति नगर शिक्षा समिति मार्फत् तपसिल अनुसार निर्माण गरिएको छ ।

| क्र.स | नामथर | पद | संलग्न निकाय |
|---|---|---|---|
| १. | श्री अमर बहादुर शाह | संयोजक | श्री सामाजिक विकास समिति संयोजक |
| २. | श्री भिम बहादुर बुढा | सदस्य | श्री जनकल्याण मा.वि. प्र.अ |
| ३. | श्री मिन बहादुर कुँवर | सदस्य | श्री भगवति आ.वि शिक्षक |
| ४. | श्री लोक बहादुर बोगटी | सदस्य | श्री त्रिपुरा सुन्दरी मा.वि. शिक्षक |
| ५. | श्री शंकर बहादुर थापा | आ.सदस्य | श्री साँफेवगर नगरपालिका |
| ६. | श्री झंकर प्रसाद खनाल | आ.सदस्य | श्री शिक्षा युवा तथा खेलकुद शाखा |
| ७. | श्री हिरादत्त भट्ट | स.सचिव | श्री शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख |

### १.४.४ विगतका योजनाको समीक्षा

यस नगरपालिकाले विगतमा नगरभित्रका सम्पूर्ण विद्यालयको अनुगमन, मुल्याङ्कन तथा पृष्ठपोषण प्रदान गर्नुका साथै नगर शिक्षा ऐन, शैक्षिक अनुदान, पुस्तकालय व्यवस्थापन, विज्ञान प्रयोगशाला, सूचना तथा प्रविधि जडान, शिक्षक दरबन्दी मिलान, भौतिक संरचनाको विस्तार, शिक्षाको विपद प्रतिकार्य योजना निर्माण गरेको छ । यी कार्यहरुलाई समिक्षा गरी नयाँ ढाँचा अनुरुप १० वर्षे शिक्षा क्षेत्रको योजना तयार पारिएको हो ।

## परिच्छेद-२

## नयाँ शिक्षा क्षेत्र योजना

### २.१ सन्दर्भ र औचित्य

नेपालको संविधान-२०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले विद्यालय शिक्षाको व्यवस्थापन स्थानीय तहलाई प्रदान गरेको परिप्रेक्ष्यमा गुणस्तरीय सिपयुक्त, समावेशी, समतामुलक, रोजगार उन्मुख, उत्पादनशिल नागरिक तयार पार्न यस नगरपालिकाको १० वर्षे शिक्षा क्षेत्रको योजना आवश्यक छ । शिक्षा क्षेत्रमा गुणस्तर तथा प्रभावकारीता कायम गर्न विभिन्न प्रयत्न गरिएता पनि शिक्षा क्षेत्रको अवस्था अपेक्षकृत हुन सकेको छैन । नगरपालिकाको भौगोलिक विकटता, आर्थिक विपन्नताका कारण कतिपय बालबालिकाहरु विद्यालय तहको शिक्षाबाट वञ्चित हुनु परेको छ । यस्ता विविध समस्यालाई समाधान गरी समावेशी, समतामूलक, उत्पादनमूलक, सूचना र प्रविधियुक्त शिक्षा तथा शिक्षा क्षेत्रमा शिक्षक, अभिभावक र सरोकारवालाहरुको उत्सुकता र जिम्मेवारी अभिवृद्धि गर्नका लागि यो शिक्षा योजना निर्माण गरिएको हो ।

### २.२ शिक्षाको दीर्घकालीन राष्ट्रिय सोच

आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने ।

### २.३ साँफेबगर नगरपालिका शिक्षाको दीर्घकालीन सोच तथा गन्तव्य

व्यवहारिक, जीवनोपयोगी, प्राविधिक तथा व्यवसायिक शिक्षाका माध्यमबाट दक्ष जनशक्ति उत्पादन गरी राष्ट्रकै नमुना नगर बनाउनमा सहयोग गर्ने ।

### २.४ ध्येय

ज्ञान, सीप तथा व्यवहार उपयोगी शिक्षा प्रदान गरी आर्थिक तथा सामाजिक उन्नयनका लागि अग्रसर भई मुल्यमान्यता प्रति सचेत नागरिक तयार गर्ने ।

### २.५ उद्देश्य

यस साँफेवगर नगरपालिकाले १० वर्षे शिक्षा योजनाको समग्र उद्देश्य विद्यालय शिक्षालाई अधिकारका रुपमा स्थापित गरी सबैका लागि सरल, सुलभ समतामूलक तथा उत्पादनशील शिक्षामा जोड दिने रहेको छ । समग्र शिक्षा क्षेत्रको विश्लेषण गरी यस योजनाका निम्न लिखित उद्देश्यहरु निर्धारण गरिएको छ ।

- नगरभरिका सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बाल शिक्षाको अवसर प्रदान गर्नु ।
- आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क गरी गुणस्तर अभिवृद्धि गर्नु ।

- माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गरी पहुँच तथा गुणस्तर अभिवृद्धि गर्नु ।
- दलित, अल्पसंख्यक, निम्न आय भएका, जेहेन्दार तथा सुविधा विहीन वर्गका बालबालिकाहरुलाई उचित छात्रवृत्ति सहित शिक्षामा समान अवसर प्रदान गर्नु ।
- प्रौढ नागरिक तथा समय र काम बाध्यताका कारण विद्यालय शिक्षाबाट वञ्चित नागरिकलाई अनौपचारिक माध्यमद्वारा माग अनुसारको शिक्षाको अवसर प्रदान गर्नु ।
- विद्यालयमा सबै खाले विद्यार्थी तथा सबै मौसममा उपयुक्त हुने खालका भौतिक संरचना निर्माण गर्न सहयोग गर्नु ।
- विभिन्न कारणले भौतिक उपस्थितिमा पठनपाठन हुन नसक्ने अवस्थामा वैकल्पिक माध्यमबाट शिक्षाको अवसर प्रदान गर्नु ।
- परम्परागत शिक्षण पद्धतिलाई निरुत्साहित गरी आधुनिक प्रविधियुक्त तथा प्रयोगात्मक शिक्षा प्रदान गर्नु ।
- विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधता अनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने शैक्षिक वातावरण निर्माण गर्नु ।
- विद्यार्थीहरुमा आउन सक्ने जटिलता र शारिरिक तथा मानसिक समस्या प्रति सजग गराउदै स्वास्थ्य तथा पोषणको व्यवस्थापन गर्नु ।
- शिक्षकलाई पेशागत विकासमा सहयोग गर्दै शिक्षक पेशालाई आकर्षित बनाउनु ।
- परीक्षा तथा परीक्षण पद्धतिलाई परिमार्जित गरी समय सुहाउदो बनाउनु ।

**२.६ रणनीतिहरु**

- नगरभित्र ४ वर्ष उमेर पुगेका बालबालिकालाई संघीय सरकारले तोकेको मापदण्ड र निश्चित अनुदान तथा प्रदेश सरकारले गर्ने क्षमता विकास तथा सहजीकरण अनुसार प्रारम्भिक बालविकास शिक्षा सञ्चालन तथा व्यवस्थापन गरिने छ ।
- राष्ट्रिय न्युनतम मापदण्ड अनुसार विद्यार्थी संख्याका आधारमा आवश्यता प्रारम्भिक बालविकास केन्द्रहरुलाई पुनः वितरण गरिने छ ।
- आधारभुत तथा माध्यमिक तहका बालबालिकालाई विद्यालयमा टिकाइ राख्न शैक्षिक वृत्ति प्रदान गरिनेछ ।
- दलित, अल्पसंख्यक, न्यून आय भएका, जेहेन्दार, सुविधा विहीन वर्गका बालबालिकालाई उचित छात्रवृत्ति सहित शिक्षामा समान अवसर प्रदान गरिनेछ ।
- दलित, अल्पसंख्यक, न्यून आय भएका, जेहेन्दार र सुविधा विहीन वर्गका बालबालिकालाई उच्च शिक्षाका लागि छात्रवृत्ति उपलब्ध गराई सहजीकरण गरिनेछ ।
- विभिन्न संक्रामक रोग तथा प्राकृतिक प्रकोपका कारण विद्यार्थीहरुले शिक्षा आर्जन गर्न पाउने अधिकारबाट बञ्चित नगरी विभिन्न वैकल्पिक माध्यमबाट पठन पाठन गर्न आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ ।

- विद्यालयमा अपाङ्गतामैत्री, बालमैत्री, छात्रामैत्री तथा सबै मौसममा उपयुक्त हुने खालका भौतिक संरचना निर्माण गरिनेछन ।
- शिक्षकहरुलाई समय सुहाउदो नयाँ ज्ञान, सिप, कौशलता तथा प्रविधियुक्त तालिम प्रदान गरिने छ ।
- प्रत्येक विद्यालयमा डिजिटल हाजिरीको प्रबन्ध गरिने छ ।
- प्रत्येक विद्यालयलाई प्राथमिकताको आधारमा पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT को लागि प्रबन्ध मिलाइनेछ ।
- विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त, समय र विविधता अनुकुल बनाई बालबालिकालाई बाल मैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी गराउनको लागि सरोकारवाला सबैलाई उचित परामर्श तथा सहजीकरण गरिने छ ।
- किशोरावस्थामा पुगेका बालबालिकाहरुलाई उनीहरुको शारीरिक र मानसिक समस्या प्रति सजग रही विभिन्न किसिमका अभिमुखीकरण तथा सहजीकरण कार्यक्रम गरिनेछ ।
- विद्यालयमा गुनासो सुनाई पेटीका व्यवस्थापनका लागि सबै विद्यालयसंग सहकार्य गरी गुनासो सुनाई पेटीका लाई विद्यालय व्यवस्थापनको अभिन्न अंगका रुपमा लिइने छ ।
- विद्यालयलाई सफासुग्घर बनाई राख्न वृक्षारोपण गर्ने र सेनिटरी प्याड विसर्जन गर्ने व्यवस्था मिलाइनेछ ।
- शिक्षकको कार्यसम्पादनमा अनुसन्धानलाई अभिन्न अंगका रुपमा जोडी त्रैमासिक रुपमा शिक्षा शाखामा पठाउने व्यवस्था मिलाइनेछ ।
- शिक्षकको शैक्षिक तथा प्राज्ञिक उन्नयनका लागि माथिल्लो शैक्षिक योग्यता वृद्धिका लागि नगरबाट प्रोत्साहन गरिनेछ ।
- मूल्यांङ्कनलाई सिकाईको अभिन्न अंगका रुपमा लिई आधारभूत तह कक्षा ३, ५, ८ र माध्यमिक तह कक्षा १० र १२ मा विद्यालय स्तरको उपलब्धी परीक्षामा एकरुपता कायम गरिनेछ ।
- नगर भरी प्रश्न बैंक प्रश्नपत्र निर्माण कार्यशाला सञ्चालन गरी परिक्षा तथा मापनमा गुणस्तर तथा वैद्यता कायम गरिनेछ ।
- वालवालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको व्यवस्था मिलाइनेछ ।
- विद्यालय शिक्षामा सुशासन कायम गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सुचना र प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्यांकन संयन्त्रको विकास गरिनेछ ।
- विद्यालयको सामाजिक तथा लेखा परिक्षणलाई अभिभावक सामु सार्वजनिक गरिनेछ ।
- विद्यालयको आर्थिक तथा प्रशासनिक क्रियाकलापलाई विद्यालय व्यवस्थापन तथा नगर मार्फत निरन्तर नियमन गरिनेछ ।

### २.७ अपेक्षित मुख्य उपलब्धी

यस योजनाको अन्त्य (२०८७) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छः

- यस नगर भित्रका सवै बालबालिकाहरुलाई गुणस्तरिय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चत हुने ।

- आधारभूत तह सम्मको शिक्षा अनिवार्य तथा निःशुल्क समान सहभागिता सहित गुणस्तर अभिवृद्धि हुने छ ।
- सवै नागरिक साक्षर भई जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।
- माध्यमिक तह सम्मको शिक्षा निःशुल्क, सवैको पहुँचमा तथा गुणस्तर अभिवृद्धि भएको हुने ।
- विद्यालय शिक्षा भन्दा बाहिर रहेका बालबालिका सवै विद्यालय शिक्षा संग जोडिएका हुने ।
- बालबालिकाले शिक्षा आर्जन गर्न पाउने अधिकारलाई सुनिश्चित भई विभिन्न संक्रामक रोग तथा प्राकृतिक प्रकोपमा पनि पठनपाठन भएको हुने ।
- शिक्षकहरुलाई समय अनुकुल प्रविधियुक्त तालिमको व्यवस्था गरी सबै कक्षा कोठामा प्रयोग गरेको हुने ।
- सक्षम र उत्साहित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने ।
- नगरभित्रका बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्था तथा सिकाइमा सुधार भएको हुने ।
- विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग पुगेको हुने ।
- प्रत्येक विद्यालयमा विद्यार्थी संख्या र विषयका आधारमा शिक्षक दरबन्दि कायम भएको हुने ।
- मूल्याङकन तथा परीक्षा प्रणाली व्यवस्थित भएको हुने ।
- विद्यालय व्यवस्थापनको समग्र संयन्त्र उत्तरदायी तथा जवाफदेही भएको हुने ।

**प्रमुख उपलब्धि तथा सूचकहरु**

| सूचकाङ्क | जम्मा | | |
|---|---|---|---|
| | जम्मा | छात्रा | छात्र |
| प्रारम्भिक बाल शिक्षा तथा बाल विकास/पूर्व प्राथमिक शिक्षामा अनुभव लिइ कक्षा १ मा नवप्रवेशीको प्रतिशत | ७२.५ | ७३.३ | ७१.६ |
| कक्षा १ मा कुल नयाँ भर्ना दर | १३१.०८ | १४०.९ | १२२.९ |
| कक्षा १ मा खुद नयाँ भर्ना दर | ९८.१ | ९६ | ९९.२ |
| आधारभूत तहमा कुल भर्ना दर | | | |
| क. कक्षा १-५ | १२२.०८ | १२८.७ | ११६.९ |
| ख. कक्षा १-८ | ११४.१ | ११८.६ | १०९.६ |
| आधारभूत तहमा खुद भर्ना दर | | | |
| क. कक्षा १-५ | ९८.६ | ९७.७ | ९९.४ |
| ख. कक्षा १-८ | ९९.१ | ९८.५ | ९९.७ |
| माध्यमिक तहमा कुल भर्ना दर | | | |
| क. कक्षा ९-१० | ९१.३ | ८९.५ | ९३.३ |

| | | | |
|---|---|---|---|
| ख. कक्षा ९-१२ | ८०.८ | ८० | ८१.६ |
| माध्यमिक तहमा खुद भर्ना दर | | | |
| क. कक्षा ९-१० | ६०.८ | ५५.७ | ६६ |
| ख. कक्षा ९-१२ | ४३.७ | ४०.५ | ४६.९ |
| ६+ उमेर समूहको साक्षरता दर | | | |
| १५+ उमेर समूहको साक्षरता दर | ९७.२ | ९५.८२ | ९८.९६ |
| प्रारम्भिक कक्षा उमेरका (५-७वर्ष) बालबालिकाहरु विद्यालय बाहिर रहेको जनसंख्या प्रतिशत | | | |
| आधारभूत तह उमेरका (५-१२ वर्ष) बालबालिकाहरु विद्यालय बाहिर रहेको जनसंख्या प्रतिशत | | | |

| क्र.सं. | सुचकहरु | आधार वर्षको (२०७७) को अवस्था | लक्ष्य | |
|---|---|---|---|---|
| **१.प्रारम्भिक बालविकास** | | | २०८२ | २०८७ |
| १.१ | कुल भर्ना दर (४ वर्षका बालबालिकाको भर्ना अनुपात) | ०.९७ | ०.९९ | १.०० |
| १.२ | न्युनतम योग्यता पुगेका शिक्षक प्रतिशत | ७० | ८५ | १०० |
| १.३ | आधारभूत तहमा तालिम प्राप्त शिक्षक प्रतिशत | ८० | ९० | १०० |
| १.४ | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७२.५ | ९० | १०० |
| **२. आधारभूत शिक्षा** | | | | |
| २.१ | कक्षा १ मा कुल भर्नादर | १३१.८ | ११५ | ११२ |
| २.२ | कक्षा १ मा खुद भर्नादर | ९८.१ | ९९ | १०० |
| २.३ | कक्षा १ देखि ५ कुल भर्नादर | १२२.०८ | १११ | १०२ |
| २.४ | कक्षा १ देखि ५ खुद भर्नादर | ९८.६ | ९९ | १०० |

| | | | | |
|---|---|---|---|---|
| २.५ | कक्षा १ देखि ८ कुल भर्नादर | ११४.१ | १०६ | १०० |
| २.६ | कक्षा १ देखि ८ खुद भर्नादर | ९९.१ | ९९.८ | १०० |
| २.७ | कक्षा १ देखि ८ खुद भर्नादरमा लैङ्गिक समता सुचाङ्क | १.०२ | १.०० | १.०० |
| २.८ | कक्षा ८ मा टिकाउ दर | ८३ | ९२ | ९९ |
| २.९ | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ८२.२ | ८८ | ९९ |
| २.१० | ५—१२ वर्ष उमेर विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ५ | ३ | ० |
| **३.माध्यमिक शिक्षा** | | | | |
| ३.१ | कुल भर्नादर (कक्षा ९ - १०) | ९१.३ | ८० | ७० |
| ३.२ | खुद भर्नादर (कक्षा ९ - १०) | ६०.८ | ७० | ८५ |
| ३.३ | कुल भर्नादर (कक्षा ९ – १२) | ८०.८ | ७० | ६५ |
| ३.४ | खुद भर्नादर (कक्षा ९ - १२) | ४३.७ | ४९ | ५५ |
| ३.५ | कुल भर्नादर (कक्षा ११ - १२) | ८५ | ८० | ७० |
| ३.६ | खुद भर्नादर (कक्षा ११ - १२) | ३८ | ४४ | ४८ |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर | ७५ | ८८ | ९३ |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर | ७२ | ८६ | ९५ |
| ३.९ | कक्षा १ -१२ मा खुद भर्नाका आधारमा लैङ्गिक समता सुचाङ्क | १.०५ | १.०३ | १.०० |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| ४.१ | १५वर्ष भन्दामाथिको साक्षरता दर | ९७.२ | ९९ | १०० |

| ५. महिला शिक्षक प्रतिशत | | | | |
|---|---|---|---|---|
| ५.१ | आधारभुत तह १-५ | ३२.२४ | ४० | ६० |
| ५.२ | आधारभुत तह ६-८ | ४.५५ | १० | ३० |
| ५.३ | माध्यमिक तह ९-१० | ४.३४ | १२ | ३५ |
| ५.४ | माध्यमिक तह ११-१२ | ७.१४ | १५ | ३० |

## परिच्छेद -३
## शिक्षाका क्षेत्रहरु

शिक्षाका विभिन्न उपक्षेत्रहरुको अध्ययन तथा विश्लेषण गर्न मुख्यतया १३ वटा क्षेत्र पहिचान गरी तिनीहरुको वर्तमान अवस्था, अवसर र चुनौतीहरु लक्ष्य तथा उद्देश्य रणनीति, कार्यनीति र कार्यक्रम वा क्रियाकलाप कार्यान्वयनलाई प्रमुख आधार लिई प्रस्तुत गरिएको छ । यसका साथै नेपालको संविधानले निर्दिष्ट दृष्टिकोण, मौलिक अधिकार, नीति, संरचना, शिक्षा सम्बन्धी नीति विभिन्न शिक्षा तथा अधिकार सम्बन्धी कानुनी प्रबन्ध, दिगो विकासका लक्ष्य नं. ४ संग सम्वन्धित नेपालको कार्ययोजना, अन्तर्राष्ट्रिय सन्धी सम्झौता तथा नेपालका प्रतिवद्धता, १५ औ योजनामा शिक्षासँग सम्बन्धित पक्षहरु, SSDP को हालसम्मको प्रगति आदिलाई प्रमुख सन्दर्भका रुपमा लिएको छ ।

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

क. परिचय

शिक्षा ऐन-२०२८ को आठौ संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनु र नेपालको संविधानको धारा-३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ । यसै कुरालाई मध्यनजर गरेर साँफेबगर नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ ।

**ख. वर्तमान अवस्था**

साँफेबगर नगरपालिकामा हाल ७८ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन । जसमध्ये १३ वटा समुदायमा र ६५ वटा विद्यालयमा आधारित छन् । जसमा समुदायमा र विद्यालयमा आधारित बालविकास केन्द्रमा ३-४ बर्ष उमेर समूहका १०७५ ( स्रोत IEMIS-२०७७) जना बालबालिकाहरु अध्ययनरत छन ।

| प्रारम्भिक बाल विकास | सङ्ख्या | |
|---|---|---|
| **लैंगिकताको आधारमा** | | |
| छात्रा | ६८५ | १५१० |
| छात्र | ८२५ | |
| **जातजातिका आधारमा** | | |
| ब्राह्मण/क्षेत्री | | |
| छात्रा | ४०९ | ९१९ |
| छात्र | ५१० | |
| जनजाति | | |
| छात्रा | ० | ४ |
| छात्र | ४ | |
| दलित | | |
| छात्रा | २१७ | ४६३ |
| छात्र | २४६ | |
| अन्य | | |
| छात्रा | ९ | १५ |
| छात्र | ६ | |

**ग. उद्देश्यहरु**

- सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चत गर्नु ।
- प्रारम्भिक बालविकास शिक्षामा गुणस्तर कायम गर्नु ।
- प्रारम्भिक बालविकास शिक्षामा गुणस्तर सुनिश्चित गर्दै बाल शिक्षाको अनुभव सहित शतप्रतिशत कक्षा १ मा प्रवेश गराउनु ।
- प्रारम्भिक बालविकास केन्द्रका न्यूनतम मापदण्ड सहित बालविकास केन्द्रहरूको क्षमता अभिवृद्धि गर्ने ।

**घ. रणनीतिहरु**

१. अल्पकालीन

- बालविकासका लागि पोषण सुरक्षा र विकासका बारे अभिभावकहरू संग सहकार्य गर्ने ।
- बालविकास केन्द्रहरुमा ४ वर्ष उमेर समूहका बालबालिकाहरुका लागि शैक्षिक सत्र सुरुभएको १५ दिन सम्म अनिवार्य भर्ना अभियान सञ्चालन गर्ने ।
- अभिभावकको साझेदारीमा बालविकास केन्दका बालबालिकालाई स्वस्थ तथा पोषणयुक्त खाजाको प्रबन्ध गर्ने ।
- बालविकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी सबै बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्रमा अनिवार्य रूपमा भर्ना गर्न वातावरण सिर्जना गर्ने ।

२. दीर्घकालीन

- प्रारम्भिक उमेरका बालबालिकालाई टिकाइ राख्न मनोरञ्जनात्मक सिकाइ वातावरण तयार पार्ने ।
- बालविकास केन्द्रमा बसाइ व्यवस्थापन, सिकाइ सामग्री, सन्दर्भ सामग्रीहरू लगायतका अन्य सामग्रीहरू उपलब्ध गरी सिकाइ वातावरण निर्माण गर्ने ।
- बालविकास सहजकर्ताहरुको क्षमता विकासको लागि अभिमुखीकरण तथा तालिम सञ्चालन र योग्यता वृद्धिलाई बढावा दिने ।
- प्रारम्भिक बालविकास केन्द्रको भौतिक, शैक्षिक, आर्थिक तथा प्राविधिक पक्षहरुको स्थानीय सरकार मार्फत अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यकता पहिचान गरी स्तरोन्नती गर्ने ।
- बालविकास केन्द्रका आवश्यक न्यूनतम मापदण्ड पुरा गर्ने ।
- कक्षा १ मा भर्ना हुने सबै बालबालिकाले बालविकास केन्द्रको अनुभव प्राप्त गरेको सुनिश्चितता गर्ने ।
- विद्यालयमा बाल उद्यानको विकास गर्ने ।

**ङ. कार्यनीतिहरु**

- अभिभावकलाई बालविकास केन्द्र र बालबालिका प्रति जिम्मेवार बनाइनेछ ।
- तथ्याङ्क सङ्कलन गरी बालविकास केन्द्रको प्रवर्द्धनमा लगानी सुनिश्चितता गरिनेछ ।
- कम्तीमा एक विद्यालय एक बालविकास केन्द्र र आवश्यकता अनुसार समुदायमा पनि बालविकास केन्द्र स्थापना गरिनेछ ।
- बालविकास केन्द्रमा नियमित स्वास्थ्य सेवा उपलब्ध गरिनेछ ।
- अभिभावकको साझेदारीमा बालविकास केन्द्रका बालबालिकालाई स्वस्थ तथा पोषणयुक्त खाजाको प्रबन्ध गरिनेछ ।
- बालविकास केन्द्रमा बसाइ व्यवस्थापन, सिकाइ सामग्री, सन्दर्भ सामग्रीहरू लगायतका अन्य सामग्रीहरू उपलब्ध गरी सिकाइ वातावरण निर्माण गरिनेछ ।
- कक्षा १ मा भर्ना हुने सबै बालबालिकाले बालविकास केन्द्रको अनुभव प्राप्त गरेको सुनिश्चितता गरिनेछ ।
- सिकाइ प्रति बलबालिकालाई उत्प्रेरित गर्न प्रत्येक विद्यालयमा क्रमशः बाल उद्यानको विकास गरिनेछ ।
- बालबालिकाको सिकाइका लागि स्वास्थ्य सरसफाई, सुरक्षा तथा पोषणका लागि अभिभावकहरूलाई जिम्मेवार बनाइनेछ ।
- अपाङ्गताको प्रकृति अनुसार सिकाइको वातावरण सुनिश्चित गरिनेछ ।

## च. कार्यान्वयन कार्यतालिका

### १. भौतिक तथा शैक्षिक लक्ष्य प्रगति विवरण

| क्र. स. | क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | |
| १ | भर्ना अभियान सञ्चालन | निरन्तर | | | | | | |
| २ | अभिभावक शिक्षा | पटक | | १ | | १ | | |
| ३ | वाल शिक्षा सञ्चालन | पटक | १ | १ | | | १ | |
| ४ | भौतिक पूर्वाधार निर्माण | संख्या | | २ | २ | २ | २ | |
| ५ | शैक्षिक सामग्रीको व्यवस्था | संख्या | १ | ५ | ५ | ५ | ५ | |
| ६ | पोषण तथा स्वास्थ्य कार्यक्रम | निरन्तर | | | | | | |

### २. आर्थिक तथा वित्तीय प्रगति

| क्र. स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत हजारमा | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
| १ | भर्ना अभियान सञ्चालन | बालविकास केन्द्र विद्यालय साझेदार सघ संस्था तथा सम्बन्धित वडा र नगरपालिका | वैठक छलफल प्रचार प्रसार | १० | १२ | ११ | १० | १० |
| २ | अभिभावक शिक्षा | बालविकास केन्द्र विद्यालय साझेदार सघ संस्था तथा सम्बन्धित वडा र नगरपालिका | वैठक छलफल प्रचार प्रसार | ५० | ५० | ५५ | ५० | ५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | वाल शिक्षा सञ्चालन | बालविकास केन्द्र विद्यालय साझेदार सघ संस्था तथा सम्बन्धित वडा र नगरपालिका | वालविकास सहजकर्ता लाई वाल मनोविज्ञान तथा मन्टेश्वरी तालिम को व्यवस्था | १०० | १०० | १५० | १५० | १६० |
| ४ | भौतिक पूर्वाधार निर्माण | समुदाय र नगर तथा वडाको आर्थिक सहयोग | विद्यालयको आवश्यकता अनुसार भवन शौचालय वाल उद्यान निर्माण | ५००० | ५००० | ५५०० | ६००० | ६५०० ० |
| ५ | शैक्षिक सामग्रीको व्यवस्था | नगरपालिका | बालबालिकालाई आवश्यक शैक्षिक सामग्रीको संगै अपाङ्ग मैत्री सामग्रीको पनि व्यवस्था गर्ने | ३०० | ३०० | ३०० | ३५० | ४०० |
| ६ | पोषण तथा स्वास्थ्य कार्यक्रम | संघ संस्था तथा सम्बन्धित वडा र नगरपालिका | बालबालिकाका लागि दिवा खाजा तथा प्राथमिक औषधिको प्रबन्ध गर्ने | ३५० | ३०० | ३५० | ३०० | ३५० |

**छ. अपेक्षित उपलब्धिहरु**

- सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षामा पहुँच तथा सहभागिता सुनिश्चत भएको हुने ।
- प्रारम्भिक बालबिकास शिक्षामा गुणस्तर कायम भएको हुने ।
- प्रारम्भिक बालबिकास शिक्षामा गुणस्तर सुनिश्चित गर्दै बालशिक्षाको अनुभव सहित शत प्रतिशत कक्षा १ मा प्रवेश भएका हुने ।
- प्रारम्भिक बालविकास केन्द्रका न्यूनतम मापदण्ड सहित बालविकास केन्द्रहरूको क्षमता अभिवृद्धि भएको हुने ।

## ३.२ आधारभूत तह

### क. परिचय

विद्यालय क्षेत्र सुधार योजना (२०६६–२०७२) ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तहको रूपमा परिभाषित गरेको छ। नेपालको संविधानको धारा ३१ (१) मा आधारभूत र माध्यमिक शिक्षालाई मौलिक हक अन्तर्गत राखिएको छ ।अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन-२०७५ ले विद्यालय तह सम्मको शिक्षा निःशुल्क प्रदान गर्ने दायित्व र सो सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनै तहको हुने र आधारभूत तह उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ । साँफेवगर नगरपालिका भित्र रहेका आधारभूत तह शिक्षा प्राप्त गर्ने उमेर समुहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षामा पहुँच सहित गुणस्तरीय र निःशुल्क शिक्षा प्रदान गर्न यस शिक्षा योजनाको प्रमुख उद्देश्य रहेको छ ।

### ख. वर्तमान अवस्था

साँफेवगर नगरपालिकामा ५० वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालय गरि हाल ५४ वटा आधारभुत तह (१-८) का विद्यालयहरु सञ्चालनमा रहेका छन ।

| सुचक | आधारभूत तह(१-३) | आधारभूत तह ( १-५) | आधारभूत तह( ६-८) | कुल जम्मा |
|---|---|---|---|---|
| लैंगिकताको आधारमा | | | | |
| छात्रा | १५११ | २४१७ | १२६९ | ५१९७ |
| छात्र | १५०६ | २३०२ | १२०९ | ५०१७ |
| **जातजातिका आधारमा** | | | | |
| ब्राह्मण/क्षेत्री | | | | |
| छात्रा | ७३१ | १४७७ | ७६२ | २९७० |
| छात्र | ९४६ | १४१२ | ८१० | ३१६८ |
| जनजाति | | | | |
| छात्रा | ६ | ११ | ११ | २८ |
| छात्र | १२ | १३ | ९ | ३४ |
| दलित | | | | |
| छात्रा | ५४३ | ८७७ | ४५७ | १८७७ |
| छात्र | ५१६ | ८०६ | ४०० | १७२२ |
| अन्य | | | | |
| छात्रा | ३१ | ५२ | ३९ | १२२ |
| छात्र | ३२ | ५१ | २० | १०३ |

## ग. उद्देश्यहरु

- आधारभूत तहको शिक्षालाई अनिवार्य, निःशुल्क र सर्वसुलभ बनाइ दण्ड र भय रहित वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गर्नु ।
- आधारभूत शिक्षा पुरा गरेका सवै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चिच गर्नु ।
- आधारभूत विद्यालयको व्यवस्थापकीय तथा प्रशासनिक प्रवन्धमा सुधार गरी विद्यालय पद्धतिलाई जवाफदेही बनाउन ।
- आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरुलाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्नु ।
- सिकाइलाई दैनिक जीवनसंग जोडी अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप संचालन गर्नु ।
- आधारभूत शिक्षालाई प्रविधिसंग जोडी  सूचना र प्रविधिको आधारभूत ज्ञान तथा सीप प्रदान गर्नु ।

## घ. रणनीतिहरु

तत्कालीन

- बालबालिकाले सिकेका ज्ञान ,सिपहरुलाई व्यवहारमा लागु गर्न प्रोत्साहन गर्ने ।
- बिद्यार्थी प्रोत्साहनका लागि पुरस्कार र छात्रवृत्तिको व्यवस्था गर्ने ।
- नगरपालिकाको कार्य क्षेत्रभित्रका ५-१२ बर्ष उमेर समुहका गरिब, जेहेन्दार, असाय, अपाङ्गता तथा अन्य जोखिममा रहेका बालबालिकाहरुलाई अनिवार्य आधारभूत तहको शिक्षामा ल्याउन विशेष कार्यक्रम संचालन गर्ने ।
- बालबालिकाहरुलाई बिद्यालय भित्रको वातावरण शान्ति तथा भय रहित स्वच्छ ,हराभरा सहितको हरित विद्यालय निर्माण गर्ने  ।
- बिद्यार्थीको विद्यालयमा नियमितताका लागि प्रोत्साहन कार्यक्रम मार्फत टिकाऊ दर बढाउने ।
- शिक्षासंग सरोकार राख्ने निकायहरु बिच बिद्यालयको आर्थिक, भौतिक तथा शैक्षिक व्यवस्थापन प्रणालीको अनुगमन तथा सुपरिवेक्षण गरी शिक्षक र प्रधानाध्यापकलाई सहयोग गर्ने ।
- □अभिभावकलाई प्रोत्साहन गरी अपनत्व ग्रहण गर्ने परिपाटी मिलाउनुका साथै सरोकारवाला निकायलाई जिम्मेवारी बोध गराउने ।
- आधारभूत तहमा न्यूनतम सिकाई उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाईका लागि शिक्षक तथा प्रधानाध्यापक लाई जवाफदेहि बनाउने ।

दीर्घकालीन

- □नगरपालिका भित्रको उमेरगत तथ्याङ्क संकलन गरी बिद्यालय बाहिर रहेका ५–१२ वर्षका सबै बालबालिकाहरुलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुर्याउने ।
- □विद्यालयमा भर्ना भएका बालबालिकाहरुलाई टिकाई राख्नका लागी विद्यालयको शैक्षिक तथा भौतिक वातावरण सुधार गरी बालमैत्री वातावरण तयार गर्ने ।
- □ □आधारभूत तहमा स्थानीय ऐतिहासिक कला, संस्कृति तथा धार्मिक र पर्यटकीय क्षेत्रहरुको अध्ययन अवलोकन गरी अध्ययन, अनुसन्धान तथा विश्लेषण गर्ने खालका परियोजनात्मक कार्य गर्ने ।
- □ □आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क बनाउन तीनै तहका सरकार बाट आवश्यक स्रोतको व्यवस्था गर्ने ।
- □आधारभूत तहमा विद्यार्थी संख्या तथा आवश्यकताका आधारमा भौतिक तथा मानवीय स्रोतको ब्यवस्थापन गरि समय सापेक्ष गुणस्तर वृद्धि गर्ने ।
- □शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्ने र सिकाइलाई प्रविधियुक्त र व्यवहारिक बनाउन जोड दिने ।
- □बालमैत्री पूर्वाधार निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- □विद्यालयमा भर्ना भएका बालबालिकाहरुलाई टिकाई राख्नका लागी सम्मान तथा पुरस्कारका प्याकेज तयार गरि आधारभूत तह बाट माध्यमिक तह प्रवेशका लागी वातावरण तयार गर्ने ।
- □सिकाई उपलब्धि कमजोर रहेका बालवालिकाहरुका लागी उपचारात्मक कक्षा संचालन गर्ने ।
- सिकाइलाई दैनिक जीवनसंग सम्बन्ध गराउनका लागी व्यवहार कुशल सीपहरुलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने ।

**ङ. कार्यनीतिहरु**

- नगरपालिका भित्र संचालित विद्यालयहरु मापदण्डका आधारमा नक्सांकन गरी समायोजन तथा स्थानान्तरण गरिनेछ ।
- आधारभुत तहको प्रत्येक कक्षामा विद्यार्थीको व्यक्तिगत प्रोफाईल बनाई सिकाई उपलब्धि तथा क्रियाकलापको अभिलेख र अन्तिम परीक्षाको नतिजा समेत लाई एकीकृत गरी ग्रेड निर्धारण गरिनेछ ।
- नगरपालिकाका प्रत्येक विद्यालयहरुले शैक्षिक सत्रको सुरुमा विद्यार्थी भर्ना अभियान सञ्चालन गरी विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराइनेछ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा उपलब्ध गराउन वडा, नगरपालिका, गैरसरकारी संस्था तथा सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।
- नगरपालिका भित्र रहेका अपांगता भएका बालबालिकाहरुलाई आधारभुत शिक्षामा पहुच सुनिश्चित गराइनेछ ।

- अपाङ्गता भएका, दलित, बिपन्न, जनजाति र कठिन परिस्थितिबाट आएका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र तिनीहरूलाई टिकाइ राख्न प्रोत्साहनमूलक कार्यक्रम लागु गरिनेछ।
- हरेक विद्यालयले एक शिक्षा परोपकारी वा अक्षय कोष वा कल्याणकारी कोष स्थापना गरी सो कोषमा समाजसेवी, चन्दादाता, पूर्व विद्यार्थी, व्यापारी वा जो सुकै बाट विद्यालय विकासको निमित्त दान वा आर्थिक सहयोग लिन सक्ने व्यवस्था गरिनेछ।
- नगरपालिकामा शिक्षाको गुणस्तर कायम गर्न गुणस्तरीय मापन/मानक तयार गरि विद्यालयको वर्गीकरण तथा स्तर र आवश्यकता अनुसारको सहयोग गर्ने नीति लिईनेछ। र नगरपालिकामा निर्धारित गुणस्तर मापदण्ड तथा सूचकहरुको आधारमा गुणस्तरीय शिक्षालाई परिभाषित गरी त्यसका लागि आवश्यक व्यवस्था गरिनेछ।
- पाठ्यक्रम र शिक्षक निर्देशिका बमोजिम योजनाबद्ध शिक्षण सिकाई क्रियाकलाप गर्न तथा विविध शिक्षण रणनीति प्रयोग गर्न विद्यालयहरु संग करार सम्झौता गरिनेछ।
- सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइने छ।
- विद्यालयको स्वःमूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरिनेछ।
- प्रत्येक आधारभूत तहका विद्यालयहरुमा स्वास्थ्य कर्मचारी र खेलकुद शिक्षकको दरबन्दि सृजनाका लागि आवश्यक पहल गरी प्राथमिक उपचार र खेल सामाग्रीको व्यवस्था गरिनेछ।
- विषयगत शैक्षिक सामाग्रीहरुको सङ्कलन, उचित व्यवस्थापन र प्रयोग गरिनेछ।
- स्थानीय पेशा, व्यवसाय, कला, संस्कृति लगायत विषयवस्तुको संरक्षणका लागी स्थानीय पाठ्यक्रमको निर्माण गरि कार्यान्वयन गरिनेछ।
- विद्यालय उमेरका बालबालिकाको तथ्याङ्क सङ्कलनका लागि घरधुरी सर्वेक्षण गरिने छ।
- आधारभूत तहमा हालको अपुग दरबन्दी संख्यालाई पूर्ति गरिनेछ।
- आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरि विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेही हुने प्रणाली विकास गरिनेछ ।
- बालबालिका माथि हुन सक्ने शारीरिक तथा मानसिक दण्डलाई पूर्णरूपमा अन्त्य गरि सुरक्षित सिकाई वातावरण निर्माण गरिने छ।
- आधारभूत तहमा न्यूनतम सिकाइ उपलब्धी मापन गर्न कक्षा ३, ५ र ८ मा नगरस्तरीय परिक्षा सञ्चालन गर्ने परिपाटीको विकास गरिने छ।

## च.कार्यान्वयन कार्यतालिका

### १. भौतिक तथा शैक्षिक लक्ष्य प्रगति विवरण

| क्र. सं | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | |
| १ | बालबालिकाको उमेरगत तथ्याङ्क सङ्कलनका लागि घरधुरी सर्वेक्षण गर्ने | संख्या | १ | | | | | |
| २ | भर्ना अभियान सञ्चालन गर्ने | निरन्तर | | | | | | |
| ३ | विद्यार्थी नियमितताका लागी अभिभावहरूसँग छलफल तथा अन्तरक्रिया गर्ने | निरन्तर | | | | | | |
| ४ | अभिभावकत्व ग्रहण गर्ने नागरिकलाई सम्मान तथा कार्यक्रमलाई निरन्तरता दिने | निरन्तर | | | | | | |
| ५ | संस्थागत, सामुदायिक,गरुकुल मदरसा तथा धार्मिक बिद्यालय संग अन्तरक्रिया तथा सिकाई आदान प्रदान गर्ने | निरन्तर | | | | | | |
| ६ | बालमैत्री शिक्षण क्रियाकलाप सञ्चालन गर्ने | निरन्तर | | | | | | |
| ७ | सुझाव पेटिकाको प्रवन्ध तथा प्रभावकारी कार्यान्वयन गर्ने | संख्या | १ | | | | | |
| ८ | कक्षा १—३ मा प्रारम्भिक पठन सीप विकास गर्ने | निरन्तर | | | | | | |
| ९ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने | निरन्तर | | | | | | |
| १० | स्थानीय पाठ्यक्रम निर्माण गर्ने | पटक | १ | | | | | |
| ११ | शिक्षक पेसागत विकास गर्ने | संख्या | ३० | ३० | ३० | ३० | ३० | |
| १२ | नियमित तथा त्रैमासिक रूपमा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने | निरन्तर | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३ | शिक्षक अभिभावक सम्बन्ध विस्तार र विद्यालयको क्रियाकलापमा अभिभावकको सहभागिता गराउने | निरन्तर | | | | | | |
| १४ | सरसफाई लगायत सचेतना मूलक कार्यक्रमहरु (छाऊ प्रथा, वालविवाह रोकथाम, संस्कृति प्रबर्धन, प्रकोप न्यूनीकरण, बाल संरक्षण, वृक्षारोपण) र प्रत्येक विद्यालयमा करेसाबारी सञ्चालन गर्ने | निरन्तर | | | | | | |
| १५ | बाल समुह गठन तथा पुनर्गठन गर्ने | निरन्तर | | | | | | |
| १६ | विद्यालयमा इन्टरनेट तथा मर्मत सम्भार गर्ने | संख्या | | | १० | १० | ३५ | |
| १७ | भौतिक पूर्वाधार आवश्यकता पहिचान गरी बालमैत्री भवन, खानेपानी, शौचालय, बाल उद्यान निर्माण गर्ने | संख्या | २ | ३ | २ | ३ | ३ | |
| १८ | वर्गीकरण मानक तयार गरी विद्यालय वर्गीकरण गर्ने | निरन्तर | | | | | | |
| १९ | दरबन्दी मिलान कार्यक्रम गर्ने | निरन्तर | | | | | | |
| २० | शिक्षक व्यवस्थापन गर्ने | निरन्तर | | | | | | |
| २१ | कक्षाकोठामा बुक कर्नरको व्यवस्था गर्ने | निरन्तर | | | | | | |
| २२ | अन्तर विद्यालय अवलोकन, भ्रमण तथा अन्तरक्रिया गर्ने | निरन्तर | | | | | | |
| २३ | शिक्षकको क्षमता विकासका लागी रोष्टर शिक्षक तयार गरी शिक्षकको पेशागत सहयोग गर्ने | निरन्तर | | | | | | |

## २. आर्थिक तथा वित्तीय प्रगति

| क्र. सं | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत रु. हजारमा | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
| १ | बालबालिकाको उमेरगत तथ्याङ्क सङ्कलनका लागि घरधुरी सर्वेक्षण गर्ने | वडा तथा विद्यालय र नगरपालिका | फारम बनाई तथ्याङ्क सङ्कलन तथा टेबुलेसन् बैठक, अन्तरक्रिया छलफल, प्रचारप्रसार | १५० | १५५ | १६० | १६० | १६५ |
| २ | भर्ना अभियान सञ्चालन गर्ने | न.पा., वडा कार्यालय, विद्यालय, | नगरपालिकाको नेतृत्वमा भर्ना अभियान समिति गठन गरी विभिन्न संघसंस्थाहरूको सहयोग लिई भर्ना अभियान सञ्चालन गरी शत प्रतिशत भर्ना कार्यक्रमलाई निरन्तरता दिने । | २० | २५ | २५ | २० | २४ |
| ३ | विद्यार्थी नियमितताका लागी अभिभावहरूसँग छलफल तथा अन्तरक्रिया गर्ने | वडा तथा विद्यालय | बैठक, छलफल, अन्तरक्रिया भेटघाट | १५ | २० | २२ | २५ | ३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | अभिभावकत्व ग्रहण गर्ने नागरिकलाई सम्मान तथा कार्यक्रमलाई निरन्तरता दिने | वडा, विद्यालय, नगरपालिका | बैठक, छलफल, अन्तरक्रिया भेटघाट | २५ | ३० | २५ | २० | २५ |
| ५ | संस्थागत, सामुदायिक,गरुकुल मदरसा तथा धार्मिक बिद्यालय संग अन्तरक्रिया तथा सिकाई आदान प्रदान गर्ने | विद्यालय, वडा नगरपालिका | प्र.अ.व्यवस्थापन समितिसँग समन्वय तथा अन्तरक्रिया गर्ने | ३० | ३५ | ४५ | ३५ | ३५ |
| ६ | बालमैत्री शिक्षण क्रियाकलाप सञ्चालन गर्ने | विद्यालय र शिक्षक | विद्यालयमा शिक्षकले शिक्षण क्रियाकलाप गर्दा शारिरिक तथा मानसिक किसिमको सजाय बिना गर्न गराउन विद्यालय प्रशासनबाट नियमित सजग गराउने। | १०० | १५० | १०० | १५० | १५० |
| ७ | सुझाव पेटिकाको प्रवन्ध तथा प्रभावकारी कार्यान्वयन गर्ने | वडा र वि व्य स | विद्यालयले सबैको पहुँचमा पुग्ने गरी सुझाव पेटिका राख्ने र सबै विद्यार्थीहरूलाई जानकारी गरी निर्देशिका अनुसार १५-१५ दिनमा | ५० | ७५ | ७५ | ५० | ५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सुझाव हेर्ने र सोको कारवाही गर्ने | | | | | |
| ८ | कक्षा १—३ मा प्रारम्भिक पठन सीप विकास गर्ने | विद्यालय, वडा र नगरपालिका | शिक्षक तालिम, सामग्री निर्माण तथा वितरण, सन्दर्भ समग्री निर्माण तथा उपलब्ध र कार्यान्वयन | २०० | २५० | ३०० | ३५० | ३०० |
| ९ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने | विद्यालय, वडा र नगरपालिका | शिक्षक तालिम सञ्चालन, बैठक, छलफल अन्तरक्रिया | ३५० | ३५० | ३०० | ३०० | ३५० |
| १० | स्थानीय पाठ्यक्रम निर्माण गर्ने | विद्यालय, वडा, नगरपालिका सरोकारवालाहरू | आवश्यकता पहिचान, विषयवस्तु छनौट, छलफल अन्तरक्रिया, बैठक | ५०० | ८०० | ८५० | ९०० | ९५० |
| ११ | शिक्षक पेसागत विकास गर्ने | विद्यालय, वडा | आवश्यकताका आधारमा तालिम बैठक अन्तरक्रिया छलफल | १०० | १५० | १५० | २०० | २०० |
| १२ | नियमित तथा त्रैमासिक रूपमा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने | विद्यालय, वडा र नगरपालिका | बैठक अन्तरक्रिया छलफल | ५० | ५० | ५५ | ६० | ७५ |
| १३ | शिक्षक अभिभावक सम्बन्ध विस्तार र विद्यालयको क्रियाकलापमा | विद्यालय | एक टोल एक शिक्षक तोकी विद्यालयका शिक्षकहरूलाई | ४५ | ५० | ४० | ४५ | ५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अभिभावकको सहभागिता गराउने | | जिम्मेवारी दिई विद्यालय र समुदायको सम्बन्ध सुधार गर्ने | | | | | |
| १४ | सरसफाई लगायत सचेतना मूलक कार्यक्रमहरु (छाऊ प्रथा, वालविवाह रोकथाम, संस्कृति प्रबर्धन, प्रकोप न्यूनीकरण, बाल संरक्षण, वृक्षारोपण) र प्रत्येक विद्यालयमा करेसाबारी सञ्चालन गर्ने | विद्यालय, | वडा भेला, बैठक, प्रचार प्रसार र विधालयमा करेशाबारी उपसमिति गठन गरि हरित विधालय निमार्ण गर्ने | ६० | ६५ | ७० | ७५ | ८० |
| १५ | बाल समुह गठन तथा पुनर्गठन गर्ने | विद्यालय बाल समूह | विद्यालयमा बाल क्लव गठन पुनर्गठन अभिमुखीकरण र परिचालन | ० | ० | ० | ० | ० |
| १६ | विद्यालयमा इन्टरनेट तथा मर्मत सम्भार गर्ने | विद्यालय, वडा, नगरपालिका | नगरपालिका तथा विद्यालय नगरपालिकाले सहयोगमा इन्टरनेट जोड्ने र शैक्षिक प्रयोजनको लागि प्रयोग गर्ने । | १५०० | १६०० | १६०० | १७०० | १७०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | भौतिक पूर्वाधार आवश्यकता पहिचान गरी बालमैत्री भवन, खानेपानी, शौचालय, बाल उद्यान निर्माण गर्ने | नगरपालिका, वडा कार्यालय | आवश्यकताको पहिचान गरी स्रोतको यकिनका साथ विद्यालय छनौट गरी कार्यक्रम वितवरण र सञ्चालन | ५००० | ५५०० | ६०० | ६५० | ७०० |
| १८ | वर्गीकरण मानक तयार गरी विद्यालय वर्गीकरण गर्ने | विद्यालय, वडा | नगरपालिका विद्यालयको अवस्था विश्लेषण, मानक तयार गरी कार्यान्वयन | १०० | १५० | १५० | १५० | १६० |
| १९ | दरबन्दी मिलान कार्यक्रम गर्ने | विद्यालय, वडा, नगरपालिका | नगरपालिका सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गर्ने | १० | १२ | १२ | १० | १२ |
| २० | शिक्षक व्यवस्थापन गर्ने | | नगरपालिका दरबन्दी नभएका विद्यालयहरूमा विद्यार्थी संख्याको आधारमा शिक्षक व्यवस्थापन गर्ने । | ५००० | ६००० | ७०० | ८०० | १००० |
| २१ | कक्षाकोठामा बुक कर्नरको व्यवस्था | विद्यालय | विद्यालयका प्रत्येक | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गर्ने | | कक्षाकोठामा बुक कर्नर स्थापना गरी सिकाई सहजीकरण गर्ने | | | | | |
| २२ | अन्तर विद्यालय अवलोकन, भ्रमण तथा अन्तरक्रिया गर्ने | नगरपालिका | नगरपालिका सहभागीहरू सँगको समन्वयमा स्थान निर्धारण गरी कार्यक्रम कार्यान्वयन | १०० | १५० | २०० | २५० | ३०० |
| २३ | शिक्षकको क्षमता विकासका लागी रोष्टर शिक्षक तयार गरी शिक्षकको पेशागत सहयोग गर्ने | नगरपालिका | रोष्टर शिक्षकका लागी प्रत्येक बर्ष शिक्षकहरुबाट आवेदन संकलन गरी रोष्टर शिक्षक मार्फत शिक्षकको पेशागत सहयोग गर्ने | १०० | १३० | १८० | २०० | २५० |

**च. अपेक्षित**

- आधारभूत तहको शिक्षालाई अनिवार्य, निःशुल्क र सर्वसुलभ बनाइ दण्ड र भय रहित वातावरणमा गुणस्तरीय शिक्षा प्रदान गरिएको हुने ।
- आधारभूत शिक्षा पुरा गरेका सवै बालबालिकाहरुमा न्यूनतम सिकाई हासिल हुने अवस्था सुनिश्चिच भएको हुने ।
- आधारभूत विद्यालयको व्यवस्थापकीय तथा प्रशासनिक प्रवन्धमा सुधार गरी विद्यालय प्रति जवाफदेही बनेको हुने ।
- आधारभूत विद्यालय उमेर समुहका सबै बालबालिकाहरु आधारभूत तहको शिक्षा पुरा गरेका हुने ।
- सिकाइलाई दैनिक जीवनसंग जोडी अन्तर सम्बन्धित विषय वस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप संचालन गरिएका हुने ।
- आधारभूत शिक्षालाई प्रविधिसंग जोडी सूचना र प्रविधिको आधारभूत ज्ञान तथा सीप प्रदान गरिएको हुने ।

- आधारभूत तहमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको क्षमता विकास भएको हुने ।
- आधारभूत तहको कक्षा १-५ सम्म विद्यार्थी संख्याको आधारमा र कक्षा ६-८ सम्ममा विषयगत शिक्षकको व्यवस्था भएको हुने ।

## ३.३ माध्यमिक शिक्षा

क. परिचय

माध्यमिक तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सीप सहितको मानव विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार हो । माध्यमिक शिक्षाले मानवीय मूल्यका साथै कला, संस्कृति विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सीप, दृष्टिकोण तथा व्यवहार आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ । माध्यमिक शिक्षालाई साधारण, परम्परागत र प्राविधिक धारमा विभाजन गरिएको छ । राष्ट्रिय शिक्षा नीति-२०७६ ले गुणस्तरीय शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सिपयुक्त एवम उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । माध्यमिक शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीहरुले प्राप्त गर्नु पर्ने ज्ञान, सीप तथा गुणस्तर विविध कारणले गर्दा प्राप्त गर्न सकेका छैन । यसै सन्दर्भलाई मध्यनजर गर्दै माध्यमिक शिक्षालाई समय सान्दर्भिक बनाउन यस योजनामा रणनीति सहित कार्ययोजना प्रस्तुत गरिएको छ ।

**ख. वर्तमान अवस्था**

साँफेवगर नगरपालिका भित्र १४ वटा सामुदायिक माध्यमिक विद्यालय र २ वटा संस्थागत माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन ।

| सुचक | माध्यमिक | | माध्यमिक कक्षा ११-१२ | उच्च शिक्षा | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | कक्षा ९-१० | | | | | | |
| | साधारण | प्राविधिक | | | | | |
| लैंगिकताको आधारमा | | | | | | | |
| छात्रा | ७९५ | ३७ | ५८६ | ३८० | २६ | १८२४ | ३४२२ |
| छात्र | ६९२ | ७० | ४५१ | २५२ | १३३ | १५९८ | |
| **जातजातिका आधारमा** | | | | | | | |
| ब्राहमण/क्षेत्री | | | | | | | |
| छात्रा | ५६२ | - | ४५३ | - | - | १०१५ | १७७८ |
| छात्र | ४५९ | - | ३०४ | - | - | ७६३ | |
| जनजाति | | | | | | | |
| छात्रा | ३ | - | २ | - | - | ५ | १० |
| छात्र | ५ | - | | - | - | ५ | |
| दलित | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| छात्रा | २१८ | - | १२२ | - | - | ३४० | ६७१ |
| छात्र | २११ | - | १२० | - | - | ३३१ | |
| अन्य | | | | | | | |
| छात्रा | १२ | - | ११ | - | - | २३ | ५५ |
| छात्र | १७ | - | १५ | - | - | ३२ | |

स्रोत IEMIS-2077

**ग. उद्देश्यहरु**

- माध्यमिक तहको शिक्षालाई  पहुँच योग्य, समयसापेक्ष, प्रविधियुक्त र सीपमूलक बनाउनु ।
- माध्यमिक तहको शिक्षाको व्यवस्थापकीय तथा प्रशासकीय प्रवन्धमा सुधार गर्नु ।
- माध्यमिक तहको शिक्षामा खुद भर्नादर  र टिकाउदर बढाउनु ।
- माध्यमिक शिक्षाको सान्दर्भिक तथा गुणस्तरमा सुधार गर्नु ।
- माध्यमिक तहको सिकाइ  वृद्धि गर्नु ।

**घ. रणनीतिहरु**

**तत्कालीन**

- माध्यमिक तहका बालबालिकाहरुलाई समय सापेक्ष जीवन उपयोगी निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गर्ने ।
- विद्यालयको अवस्था विश्लेषण गरी आवश्यकताका आधारमा शिक्षक दरबन्दीको व्यवस्था गरी विद्यालयहरुमा स्वास्थ्य, पोषण तथा सरसफाईको उचित व्यवस्थापन भएको सुनिश्चितता गर्ने ।
- विद्यालयमा भएका लगानी तथा गतिविधिहरुको लेखाजोखा गरि सबैले साझा सम्पत्तिका रुपमा आत्मसाथ गर्न सक्ने वातावरणको सृजना गर्ने, सुशासन कायम गर्ने र अभिभावकहरूको सहभागिता बढाउन जोड दिने ।
- माध्यमिक तहको शिक्षालाई गुणस्तरीय, सर्बसुलभ र पहुँच योग्य बनाउन नगरपालिकाले अनुगमन, निरीक्षण तथा मूल्यांकनमा जोड दिने ।
- शिक्षक, प्रधानाध्यापक र वि.व्य.स./शि.अ.सं लाई क्षमता अभिवृद्धि गर्न छोटो तथा लामो अवधिका तालिमहरु संचालन गर्ने ।
- विद्यालयमा गुनासो सुनुवाई संयन्त्रको विकास गरी प्राप्त सुझावहरुको संबोधन गर्ने ।
- माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्र.अ. को व्यवस्थापन गरि विद्यालय विकास तथा व्यवस्थापन प्रति प्र.अ. लाई उत्तरदायी बनाउने ।
- सिकाइ उपलब्धी हासिल गराउन आवधिक रुपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थी सिकाइका लागि शिक्षकहरुलाई जिम्मेवार बनाउने ।
- विद्यार्थीको सिकाई उपलब्धी वृद्धिका लागि अभिभावक शिक्षा र उपचारात्मक कक्षा जस्ता क्रियाकलापहरु संचालन गर्ने ।

**दीर्घकालीन**

- राष्ट्रिय तथा विश्वबजारमा बिक्न सक्ने जनशक्ति उत्पादन गर्न विभिन्न ज्ञान, सिप प्रदान गर्न सक्ने प्राविधिक धारका विद्यालयमा मानवीय तथा भौतिक स्रोत साधनहरुको उचित व्यवस्थापन गरी शिक्षण कार्यमा जोड दिने ।
- माध्यमिक तहका सिकाइलाई प्रविधिसंग जोड्नका लागी विद्यालयमा सूचना प्रविधिको विकास गरी यस मार्फत शिक्षण गर्ने व्यवस्था गर्ने ।
- सबैका लागी शिक्षामा पहुँच वृद्धि गर्न माध्यमिक विद्यालय उमेर समुहका बाहिर रहेका बालबालिकाहरुको पहिचान गरि विशेष कार्यक्रमहरु संचालन गर्ने ।
- विद्यालय तथा कक्षाकोठाको वातावरण समयानुसार व्यवस्थापन गरी बालमैत्री तथा अपाङ्गतामैत्री विद्यालयका रुपमा स्थापित गर्दै लैजाने ।
- गरिब, असहाय, फरक क्षमता र जेहेन्दार विद्यार्थीहरुका लागी छात्रवृत्ति व्यवस्था गर्ने ।
- विद्यालयको सेवा क्षेत्र तथा स्थानीय स्तरमा रहेका ऐतिहासिक महत्व बोकेका स्थान पर्यटकिय तथा धार्मिक, कला संस्कृतिहरुको अध्ययन अवलोकन गरि संरक्षणमा जोड दिने ।

**ङ. कार्यनीतिहरु**

- निर्धारित सिकाइ हासिल गर्न अनिवार्य परियोजना, प्रयोगात्मक कार्य तथा कक्षा कार्य शिक्षक अभिभावक र विद्यार्थीहरु विच सहकार्य अभियान संचालन गरी अध्ययनमा निरन्तरता, स्थानीय तह, घर-परिवार, अभिभावक, बिद्यालय सबैले साझा जिम्मेवारी लिने व्यवस्था गरिनेछ ।
- विद्यालयहरूले न्यूनतम रूपमा खेलकुद, रेडक्रस, सामाजिक सेवा, नेपाल स्काउट, सेवा दल, सांस्कृतिक कार्यक्रमहरूको आयोजना, सङ्गीत, गणित, ओलम्पियाड, विज्ञान प्रतियोगिता, वादविवाद, निबन्ध लेखन, कवितालेखन कृषि उत्पादन, अध्ययन भ्रमण खेलकुद, शारिरिक व्यायाम, योग जस्ता विविध कार्यक्रमहरूलाई अनिवार्य रूपले सञ्चालन गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- बालबालिकाको सिकाइलाई पारिवारिक पेशा र व्यवसायसँग जोड्ने अवसर दिँदै खोज तथा अन्वेषणमा आधारित परियोजनाका माध्यमबाट सिक्ने अवसर दिने र शिक्षण सिकाइ क्रियाकलाप पनि सोही अनुकुल बनाउन पुनरावलोकन गरिनेछ ।
- विद्यालयको तह र विद्यार्थी सङ्ख्यालाई दृष्टिगत गरी मापदण्डका आधारमा शिक्षक कर्मचारीको दरवन्दी कायम तथा मिलान गरी दरवन्दी अनुरुप प्रत्येक विद्यालयमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्तिको व्यवस्था गरिने छ ।
- विद्यार्थी, शिक्षक, अभिभावक र स्थानीय निकाय, समुदाय तथा संघ संस्थाहरूलाई परिचालन गरी विद्यालयको घेराबार, खेल मैदान र विद्यालयको आन्तरिक तथा वाह्य वातावरण पर्यावरण मैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवम् अपाङ्गतामैत्री बनाईनेछ ।

- हरेक विद्यालय तथा शिक्षालय हातामा पर्याप्त खानेपानी, छात्र र छात्राका लागि छुट्टा छुट्टै शौचालय, फोहोर व्यवस्थापन, नियमित सरसफाई, प्राथमिक उपचार, वैकल्पिक ऊर्जा, हरियाली क्षेत्र एवम् बगैँचा र खेल मैदानको व्यवस्था गरिनेछ।
- उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।
- सिकाइ वृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइनेछ।
- विद्यालयको स्वः:मूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिने छ।
- बालबालिका माथि हुन सक्ने शारीरिक तथा मानसिक हिंसालाई पूर्णरूपमा अन्त्य गरि सुरक्षित सिकाई वातावरण निर्माण गरिनेछ।
- प्रत्येक माध्यमिक तहका विद्यालयहरुमा स्वास्थ्य कर्मचारी र खेलकुद शिक्षकको दरबन्दी सृजना का लागी आवश्यक पहल गरी प्राथमिक उपचार र खेल सामाग्रीको व्यवस्था गरिनेछ।
- विषयगत शैक्षिक सामाग्रीहरुको संकलन, उचित ब्यवस्थापन र प्रयोग गरिनेछ।
- हरेक माध्यमिक विद्यालयमा सूचना तथा प्रविधिको विस्तार गरी प्रयोगलाई बढावा दिइनेछ।
- माध्यमिक तहको शिक्षालाई संविधान तह निःशुल्क प्रदान गर्न संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ।
- माध्यमिक विद्यालयहरुको प्राकृतिक प्रकोप तथा संकटासन्न अवस्थामा वैकल्पिक माध्यमबाट सिकाइ सहजीकरण गर्न सकिने गरी क्षमता अभिवृद्धि गरिनेछ।
- माध्यमिक तहका अब बन्ने भौतिक संरचनाहरु भुकम्प प्रतिरोधक तथा प्रतिकूल मौसममा पनि पठन पाठन योग्य हुने गरि निर्माणलाई प्राथमिकता दिइनेछ।

**च. कार्यान्वयन कार्यतालिका**

**१. भौतिक तथा शैक्षिक लक्ष्य प्रगति विवरण**

| क्र.सं. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | |
| १ | भर्ना अभियान कार्यक्रम सञ्चालन। | निरन्तर | | | | | | |
| २ | आवश्यकता र माग बमोजिम भौतिक पूर्वाधार व्यवस्थापन | संख्या | २ | १ | २ | १ | २ | |
| ३ | विषयगत शिक्षक र सामग्रीहरूको व्यवस्थापन। | संख्या | १ | ५ | ४ | ३ | ६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | विशेष कक्षा, अभिभावक शिक्षा, सञ्चालन | निरन्तर | | | | | | |
| ५ | सरोकारवालाहरू सँग समन्वय सहकार्य तथा अन्तरक्रिया | निरन्तर | | | | | | |
| ६ | शिक्षक डायरी छपाइ तथा वितरण । | पटक | २५ | ३० | २० | ३० | ३० | |
| ७ | विद्यालयको भौतिक, शैक्षिक अवस्थाको आधारमा वर्गीकरण गरि लगानी गर्ने । | संख्या | १ | २ | ३ | २ | ३ | |
| ८ | विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गर्ने | निरन्तर | | | | | | |
| ९ | सुझाव पेटिका स्थापना तथा प्रभावकारी कार्यान्वयन | निरन्तर | | | | | | |
| १० | अध्ययन, भ्रमण तथा अवलोकन | निरन्तर | | | | | | |
| ११ | विद्यालयहरुमा स्वःमूल्यांकन गरि योजना कार्यान्वयन गर्ने | निरन्तर | | | | | | |
| १२ | विद्यालयले श्वेतपत्र तयार गरी जारी गर्ने । | पटक | | १ | | | | |
| १३ | शिक्षाको गुणस्तर अभिवृद्धिका लागि अनुगमन, निरिक्षण तथा मूल्यांकन गर्ने | निरन्तर | | | | | | |
| १४ | बाल समूह गठन, क्षमता विकास तथा सामाजिक सवालमा परिचालन । | निरन्तर | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | विद्यालयका सबै गतिविधिलाई पारदर्शी सुशासन तथा जवाफदेहिता बृद्धि गर्ने | निरन्तर | | | | | | |
| १६ | शिक्षकलाई अभिमुखीकरण, आचार संहिता निर्माण तथा कार्यान्वयन। | निरन्तर | | | | | | |
| १७ | ई–हाजिरीको व्यवस्थापन | संख्या | | १४ | २० | १० | १४ | |
| १८ | सामाजिक परीक्षण | निरन्तर | | | | | | |
| १९ | स्थानीय सिपलाई प्रर्वद्धन गर्नका लागी आवश्यक सहयोग गर्ने | निरन्तर | | | | | | |
| २० | उत्कृष्ट सिकाई तथा बाह्य वातावरण सुधार भएका विद्यालयहरु लाई सम्मान गर्ने | निरन्तर | | | | | | |
| २१ | आवश्यकताका आधारमा पेशागत क्षमता अभिबृद्धि गर्न तालिम संचालन गर्ने | पटक | ५ | १० | २० | २५ | २० | |
| २२ | अन्तरक्रिया संचालन गर्ने | निरन्तर | | | | | | |

## २. आर्थिक तथा वित्तीय प्रगति

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत रु. हजारमा | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
| १ | भर्ना अभियान कार्यक्रम सञ्चालन । | विद्यालय, वडा तथा नगरपालिका | सर्वे तथा फिल्ड भ्रमण, आवश्यकता पहिचान, कार्यक्रम प्याकेज निर्माण, लक्षित वर्गलाई शैक्षिक सामग्रीको व्यवस्था एवं कार्यान्वयन | ३० | ३५ | ४० | ४५ | ५० |
| २ | आवश्यकता र माग बमोजिम भौतिक पूर्वाधार व्यवस्थापन | वडा,पालिका, प्रदेश र संघ | वडा र नगरपालिकाले आवश्यकता पहिचान गर्ने, माग सङ्कलन, नक्साङ्कन तथा वितरण | ५००० | ५५०० | ६००० | ६५०० | ७००० |
| ३ | विषयगत शिक्षक र सामग्रीहरूको व्यवस्थापन । | वडा , न.पा | नगरपालिकाले विद्यार्थी संख्या र आवश्यकताको आधारमा विषयगत शिक्षक तथा सामाग्रीको व्यवस्थापन गर्ने । | १०० | १५० | १५० | १५० | ३०० |
| ४ | विशेष कक्षा, अभिभावक शिक्षा, सञ्चालन | वडा तथा नगरपालिका | सर्वे, स्थान पहिचान, सहजकर्ता तालिम तथा सञ्चालन | १५० | १५० | २०० | २५० | २५० |
| ५ | सरोकारवालाहरू सँग समन्वय सहकार्य तथा अन्तरक्रिया | नगरपालिका, विद्यालय | नगरपालिका सरोकारवालाहरूलाई समन्वय तथा सम्पर्क गरी शिक्षाको विषयमा छलफल गर्ने | १०० | १०० | १५० | १५० | १५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षक डायरी छपाइ तथा वितरण । | नगरपालिका, विद्यालय | सूचना सङ्कलन, डायरी छपाइ तथा वितरण | ३० | ५० | ५५ | ५० | ५५ |
| ७ | विद्यालयको भौतिक, शैक्षिक अवस्थाको आधारमा वर्गीकरण गरि लगानी गर्ने । | | नगरपालिका मानक निर्माण सर्वे, अवस्था विश्लेषण तथा वर्गीकरण | ५० | ६० | ६५ | ७० | ७५ |
| | विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गर्ने | नगरपालिका, विद्यालय | | | | | | |
| ८ | सुझाव पेटिका स्थापना तथा प्रभावकारी कार्यान्वयन | नगरपालिका, विद्यालय | नगरपालिका विद्यालयको दरबन्दी संख्या र विद्यार्थी संख्याको आधारमा मिलान गर्ने । | १० | १५ | २५ | ३५ | ३५ |
| ९ | अध्ययन, भ्रमण तथा अवलोकन | नगरपालिका, विद्यालय | विद्यालय तथा नगरपालिका विद्यालयमा सबै विद्यार्थीहरूको पहुँमा सुझाव पेटिका राख्ने र १५÷१५ दिमा सुझाव पेटिका हेर्ने र सो अनुसार आवश्यक कारवाही गर्ने | २० | २० | २५ | ३० | ३५ |
| १० | विद्यालयहरुमा स्वःमूल्यांकन गरि योजना कार्यान्वयन गर्ने | विद्यालय, शिक्षक, वडा र नगरपालिका | उद्देश्य निर्धारण, स्थान पहिचान, सहभागी छनौट तथा भ्रमण | १०० | १५० | १०० | १०० | १५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालयले श्वेतपत्र तयार गरी जारी गर्ने । | वडा, न.पा. र बिधालय | मापदण्ड अनुरुप बिद्यालय, वडा र न.पा. ले बार्षिक रुपमा विश्लेषण गर्ने, सुधारका योजना बनाई कार्यान्वयन गर्ने | ५० | ५५ | ५५ | ५० | ५५ |
| १२ | शिक्षाको गुणस्तर अभिवृद्धिका लागि अनुगमन, निरिक्षण तथा मूल्यांकन गर्ने | विद्यालय र नगरपालिका | विद्यालयमा छलफल श्वेतपत्र तयारी तथा जारी | ३० | ३५ | ३५ | ४० | ४० |
| १३ | बाल समूह गठन, क्षमता विकास तथा सामाजिक सवालमा परिचालन । | नगरपालिका र वडा | चेकलिष्ट तयारी, अनुगमन सुपरिवेक्षण मार्फत शिक्षकलाई सहयोग | २५ | २५ | ३० | ३५ | ३० |
| १४ | विद्यालयका सबै गतिविधिलाई पारदर्शी सुशासन तथा जवाफदेहिता बृद्धि गर्ने | विद्यालय, वडा, नगरपालिका र संघसंस्था | अभिमुखीकरण, बालसमूह गठन तथा क्षमता विकास र परिचालन | १५ | २० | २५ | २५ | ३० |
| १५ | शिक्षकलाई अभिमुखीकरण, आचार संहिता निर्माण तथा कार्यान्वयन । | वडा, नगरपालिका | मपादण्ड अनुरुप समन्वय, सम्पर्क तथा अन्तरक्रिया गर्ने | १० | १५ | १५ | १६ | २० |
| १६ | ई–हाजिरीको व्यवस्थापन | विद्यालय र वडा कार्यालय शिक्षक, | विद्यार्थी र बालबालिकाबीच समूहमा छलफल तथा निर्माण गरि विद्यालयमा प्रर्दशन गरि र कार्यान्वयन गर्ने | ० | ० | ० | ० | ० |
| १७ | सामाजिक परीक्षण | वडा, नगरपालिका र विद्यालय | खरिद तथा अभिमुखीकरण र कार्यान्वयन | ४५ | ४५ | ५० | ५५ | ६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | स्थानीय सिपलाई प्रर्वद्धन गर्नका लागी आवश्यक सहयोग गर्ने | विद्यालय, वडा ,न.पा. कार्यालय | सूचकाङ्कका आधारमा तयार, समन्वय तथा सूचनाप्रचार, कार्यान्वयन | ० | ० | ० | ० | ० |
| १९ | उत्कृष्ट सिकाई तथा बाह्य वातावरण सुधार भएका विद्यालयहरु लाई सम्मान गर्ने | विद्यालय, वडा ,न.पा. कार्यालय | स्थानीय स्तरमा भएका डोका नांग्ला लगायतका सिपहरुलाई प्रर्वद्धन गर्ने | १० | ११ | १२ | १३ | १४ |
| २० | आवश्यकताका आधारमा पेशागत क्षमता अभिबृद्धि गर्न तालिम संचालन गर्ने | वडा र न.पा. | मापदण्ड तयार गरि बिधालयको अवस्था विश्लेषण गर्ने, छनौट गर्ने, सम्मान गर्ने | १५ | १६ | १७ | १७ | २० |
| २१ | अन्तरक्रिया संचालन गर्ने | न.पा. | शिक्षकको सुचि तयार गरी, मागका आधारमा तालिम, अभिमूखीकरण गर्ने | १०० | १०० | १५० | १०० | १०० |
| २२ | | विधालय, वडा, न.पा. र अभिभावक | प्रत्येक त्रैमासिक परीक्षाको नतीजा तयार गरी सोको बिश्लेषण विद्यार्थी, अभिभावक, शिक्षक र नगरपालिका बीच गर्ने | १५ | १२ | १५ | १६ | १५ |

**छ. अपेक्षित उपलब्धि**

- माध्यमिक तहको शिक्षा पहुँच योग्य, समय सापेक्ष, प्रविधियुक्त र सीपमूलक बनेको हुने ।
- माध्यमिक तहको शिक्षाको व्यवस्थापकीय तथा प्रशासकीय प्रबन्धमा सुधार भएको हुने ।
- माध्यमिक तहको शिक्षामा खुद भर्ना दर र टिकाउदर वृद्धि भएको हुने ।
- माध्यमिक शिक्षाको गुणस्तरमा सुधार भएको हुने ।
- माध्यमिक तहको सिकाइ  वृद्धि भएको हुने ।

## ३.४ पाठ्यक्रम तथा पाठ्यपुस्तक

क. परिचय

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमुलक र रोजगार मुलक बनाई समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि शिक्षा पद्दतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार नै पाठ्यक्रम हो । औपचारिक शिक्षामा पाठ्यक्रमद्धारा निर्देशित ज्ञान, सिप तथा क्षमता अभिवृद्धि गरी विद्यार्थीलाई सक्षम बनाउने दिशातर्फ शिक्षण सिकाई हुने गर्दछ । बालबालिकाको रुचि, आवश्यकता, सामाजिक मूल्यमान्यता, स्थानीय सामाजिक परिवेश र विश्व परिवेशमा विकास भएका ज्ञान सिप तथा प्रविधिहरुलाई समेत मध्यनजर गरी पाठ्यक्रम निर्माण गर्ने कार्य गरिन्छ । यसका साथै स्थानीय स्तरमा रहेका ऐतिहासिक, धार्मिक, कला, सांस्कृतिक, पर्यटकिय स्थल, पेशा व्यवसाय तथा प्रविधिहरुको पहिचान गरी राष्ट्रिय पाठ्यक्रम प्रारुप-२०७६ ले आधारभूत तह १-८ सम्म स्थानीय पाठ्यक्रम बनाउने अधिकार स्थानीय तहलाई दिएको छ । स्थानीय पाठ्यक्रम निर्माणको लागि स्थानीय स्तरको परिवेश सुहाउँदो मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाई सहजीकरण गर्ने, सुचना तथा संचार प्रविधिलाई जीवन उपयोगी र व्यवहारमूलक सिपका रुपमा एकीकृत गर्ने कार्यका साथै विद्यार्थी मूल्यांकनलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अंगको रुपमा लिने गरिन्छ ।

**ख. उद्देश्यहरु**

- पाठ्यक्रमलाई स्थानीय परिवेश अनुरुप समय सापेक्ष, गुणस्तरिय र प्रभावकारी बनाई सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी जनशक्ति तयार गर्नु ।
- स्थानीय कला, संस्कृति, धार्मिक, ऐतिहासिक, पर्यटकीय स्थल लगायत ज्ञान, सिप तथा प्रविधिको संरक्षण र सम्बर्द्धन गरी अन्तर पुस्तामा सिप हस्तान्तरण गर्दै आयस्तरमा वृद्धि गर्नु ।
- स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्री तयार गरी प्रकाशन तथा वितरण गर्नु ।

**ग. रणनीतिहरु**

**तत्कालिन**

- स्थानीय स्तरको आवश्यकतामा आधारित नयाँ पाठ्यक्रमको निर्माण गरी सबै विद्यालयहरुमा पाठ्यक्रम तथा पाठ्य सामाग्रीहरु उपलब्ध गराउने ।
- सबै विद्यालयका सबै कक्षाकोठामा बुक कर्नर तथा पर्याप्त पाठ्य सामाग्रीको व्यवस्था गर्ने ।

**दीर्घकालीन**

- पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई विद्यालयमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्बन गरी परीक्षणका रुपमा कार्यान्वयन गर्ने ।
- शिक्षकका लागि शिक्षक निर्देशिका, स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाई सामग्री, स्वःअध्ययन तथा सन्दर्भ सामग्री विकास गरी कार्यान्यन गर्ने ।
- आधारभूत तहमा स्थानीय तथा मातृभाषाको पाठ्यक्रम तथा पाठ्य सामग्रीको विकास र प्रयोगलाई व्यवस्थित गर्ने ।

**ङ. कार्यनीतिहरु**

- स्थानीय पाठ्यक्रम निर्माण समिति गठन गरी पाठ्यक्रम निर्माण गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- स्थानीय पाठ्यक्रम सम्बन्धी कार्यशाला संचालन गरी पाठ्यक्रम निर्माण गरिनेछ ।
- पाठ्यक्रम निर्माण सम्बन्धित शिक्षकहरुलाई तालिम तथा आवश्यक सामाग्रीहरु प्रदान गरी पाठ्यक्रमको विकास गरिनेछ ।
- पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्री विकास समूहको क्षमता विकास गरी सामाग्रीको प्रकाशन गरि कार्यान्वयन गरिनेछ ।
- एकीकृत पाठ्यक्रम निर्माण व्यवस्थापन, प्रवोधीकरण, अनुगमन तथा मूल्याङ्कन पद्धति मार्फत पाठ्यक्रमको कार्यान्वयन गरिनेछ ।
- स्थानीय स्तरमा भएको ज्ञान, सिप तथा प्रविधिहरुको जानकारी विद्यार्थीहरुमा हस्तान्तरण गरिनेछ ।

**च. कार्यान्वयन कार्यतालिका**

**१. भौतिक तथा शैक्षिक लक्ष्य प्रगति विवरण**

| क्र.सं. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | |
| १ | स्थानीय पाठ्यक्रमका लागि आवश्यक सुचना संकलन गर्ने | पटक | १ | | | | | |
| २ | पाठ्यक्रम निर्माणका लागि बजेट विनियोजन । | पटक | १ | | | | | |
| ३ | मस्यौदा समिति निर्माण | पटक | १ | | | | | |
| ४ | मस्यौदा समितिको क्षमता अभिवृद्धि | पटक | १ | | | | | |
| ५ | पाठ्यक्रमको मस्यौदामा सुझाव संकलन | पटक | १ | | | | | |
| ६ | पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्री प्रकासन तथा पढाइ | पटक | १ | १ | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | मैत्री शैक्षिक सामग्रि खरिद संकलन निर्माण तथा प्रयोग गर्ने जस्तैःविसङ्केतन ठूलो किताव आदि | | | | | | | |
| ७ | शिक्षक तथा सरोकारवाला निकायहरुलाई प्रवोधीकरण | निरन्तर | | | | | | |
| ८ | स्थानीय सिप तथा कलाको प्रयोग | निरन्तर | | | | | | |

## २. आर्थिक तथा वित्तीय प्रगति

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत रु हजारमा | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
| १ | स्थानीय पाठ्यक्रमका लागि आवश्यक सूचना संकलन गर्ने | नगर र विद्यालय | स्थानीय स्तरका ऐतिहासिक, धार्मिक, कला, संस्कृति, पेशा,व्यवसायहरुको तथ्यांक संकलन गर्ने । | २५ | ३० | ३५ | ४० | ४५ |
| २ | पाठ्यक्रम निर्माणका लागी बजेट विनियोजन । | नगरपालिका र प्रदेश | स्थानीय तहको पाठ्यक्रम निर्माण तथा प्रकाशनका लागी कार्यपालिकाबाट बजेट विनियोजन गर्ने । | ५०० | ५०० | ६०० | ६०० | ६५० |
| ३ | मस्यौदा समिति निर्माण | विज्ञ शिक्षक र नगरपालिका | विषय विज्ञ शिक्षकहरुको रोष्टर तयार गर्ने, समिति गठन गरी कार्य गर्ने । | १५० | १५० | १५० | १६० | १६० |
| ४ | मस्यौदा समितिको क्षमता अभिवृद्धि | विज्ञ समूह र नगरपालिका | मस्यौदा समितिलाई पाठ्यक्रम विकास विज्ञद्धारा तालिम प्रदान गर्ने । | ५० | ५५ | ५५ | ६० | ६५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | पाठ्यक्रमको मस्यौदामा सुझाव संकलन | मस्यौदा समिति, नगरपालिका र सरोकारवाला निकाय | तयारी मस्यौदालाई स्तरीय बनाउनका लागि विद्यालय,विज्ञ तथा सरोकारवाल बाट सुझाव संकलन गरि सुधार गर्ने । | १०० | १०० | १०० | १०० | १०० |
| ६ | पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्री प्रकासन तथा पढाइ मैत्री शैक्षिक सामग्री खरिद संकलन निर्माण तथा प्रयोग गर्ने जस्तैःविसङ्केतन ठुलो किताव आदी | विज्ञ समूह, नगरपालिका | स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्री को तयारी गर्ने, प्रकासन गरी विद्यालयमा बितरण गर्ने । | २०० | २५० | २५० | २५० | २०० |
| ७ | शिक्षक तथा सरोकारवाला निकायहरुलाई प्रवोधिकरण | सरोकारवाला, नगरपालिका र विद्यालय | पाठ्यक्रम र पा.पु.सम्वन्धि शिक्षक तथा सरोकारवाला निकायहरुको सुचि तयार, प्रबोधीकरण गरि कार्यान्वयनमा सहजीकरण गर्ने। | १० | १२ | ११ | १२ | १५ |
| ८ | स्थानीय सिप तथा कलाको प्रयोग | विद्यालय र दक्ष जनशक्ति | विधालयस्तरमा आवश्यकताका आधारमा दक्ष जनशक्ति परिचालन गर्ने, सिप हस्तान्तरण गर्ने, आयवृद्धि गर्ने | १० | १२ | १३ | १४ | १५ |

## ३.५ परीक्षा तथा प्रमाणीकरण

### क. परिचय

विद्यार्थीहरूले के कति सिके भन्ने कुराको मूल्याङ्कन गर्न जरुरी छ भने पाठ्यक्रमले अपेक्षा गरेको सिकाइ सक्षमताहरू हासिल हुन सके वा सकेन भन्ने यकिन हुन आवश्यक छ । मूल्याङ्कनको माध्यमबाट नै सिकाइमा सुधार गर्न सकिन्छ । जसका लागि मूल्याङ्कन प्रणाली व्यवहारिक र वैज्ञानिक हुनु जरुरी पर्दछ । विद्यार्थीहरूको शैक्षिक स्तर र को परीक्षण गरी प्रमाणीकरण गर्नु पर्दछ । आधारभूत तहको अन्त्यमा लिइने कक्षा ८ को परीक्षा सञ्चालन व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ । जसका लागि स्थानीय स्तरको परीक्षा बोर्डको व्यवस्था गरिएको छ । माध्यमिक तह कक्षा १० र १२ को परीक्षा राष्ट्रिय परीक्षा बोर्डले लिने व्यवस्था रहेको छ भने कक्षा ३, ५ र ८ को परीक्षाको स्तरीकरण गर्ने र कक्षा ८ को परीक्षाको प्रमाणीकरण गर्ने प्रमुख दायित्व नगरपालिकाको रहेको छ । आधारभूत तहको विद्यार्थी मूल्याङ्कनका लागि साधनहरूको निर्माण, प्रयोग र विश्लेषण गर्ने र सोको आधारमा लक्ष्य निर्धारण गर्न जरुरी हुन आउँछ । अन्य कक्षाका परीक्षालाई व्यवस्थित गरी विद्यार्थीहरूको सिकाइ  मापन गर्नुपर्ने हुन्छ । विद्यार्थी मूल्याङ्कन गर्नका लागि साँफेवगर नगरपालिकाले विभिन्न कार्यक्रमहरू मार्फत् व्यवहारिक र वैज्ञानिक बनाउने नीति तय गरेकोछ ।

### ख. उद्देश्यहरु

- विद्यार्थीको शैक्षिक स्तर र को परीक्षण गरी मूल्याङ्कन गर्नु ।
- विश्वसनीय परीक्षा प्रणालीको विकास गर्नु ।

### ग. रणनीतिहरु

**तत्कालीन**

- विद्यालयमा सञ्चालन गरिने सबै मूल्याङ्कन प्रणालीको प्रयोग गरी को मापन गर्ने ।
- सबै कक्षा र तहका परीक्षाहरूलाई नगरपालिका स्तरबाट सञ्चालन गरी मूल्याङ्कनको व्यवस्था गरिने ।
- आधारभूत तहको अन्त्यमा लिइने परीक्षालाई व्यवस्थित र मार्यादित बनाइने ।

**दीर्घकालीन**

- विद्यार्थीको मूल्याङ्कन एवं  परीक्षण गरी शैक्षिक गुणस्तर कायम गर्ने ।
- मुल्याङ्कन प्रणालीलाई सहजता, सरलता तथा बालसहभागिता मूलक बनाउदै क्रमशः मूल्याङ्कनलाई निर्माणात्मक प्रणालीमा विकसित गर्दै लगिने ।

### घ. कार्यनीतिहरु

- सिकाइ सँगसगै मूल्याङ्कन पद्धतिलाई जोडी गुणस्तर कायम गरिनेछ ।
- सबै शिक्षकहरूलाई विषयगत रूपमा विशिष्टीकरण तालिका निर्माण एवं मूल्याङ्कनका साधनहरू निर्माण गर्न लगाई मूल्याङ्कन प्रणालीलाई विश्वासिलो, भरपर्दो एवं मापनयोग्य बनाइनेछ ।

- विषयगत कार्यशाला सञ्चालन गरिनेछ ।
- विद्यार्थी मूल्याङ्कन प्रणाली विषयमा अन्तरक्रिया बैठक गरिनेछ ।

**ङ. कार्यान्वयन तालिका**

**१.भौतिक तथा शैक्षिक लक्ष्य प्रगति विवरण**

| क्र.सं | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | |
| १ | कार्यशाला सञ्चालन | निरन्तर | | | | | | |
| २ | मूल्याङ्कनका साधनहरूको विकास/निर्माण र प्रयोग | निरन्तर | | | | | | |
| ३ | नियमित तथा आकस्मिक अनुगमन परीक्षा सञ्चालन तथा व्यवस्थापन | निरन्तर | | | | | | |
| ४ | विषयगत कार्यशाला सञ्चालन । | निरन्तर | | | | | | |
| ५ | विद्यार्थी मूल्याङ्कन प्रणाली विषयमा अन्तरक्रिया बैठक छलफल । | निरन्तर | | | | | | |
| ६ | परीक्षा सञ्चालन तथा व्यवस्थापन । | निरन्तर | | | | | | |

## २.आर्थिक तथा वित्तीय प्रगति

| क्र. सं. | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
| १ | कार्यशाला सञ्चालन | विद्यालय, वडा, नगरपालिका | प्र.अ.हरूसँग सम्पर्क, समन्वय गरी कार्यशाला सञ्चालन गर्ने | १० | ११ | १२ | १३ | १४ |
| २ | मूल्याङ्कनका साधनहरूको विकास/निर्माण र प्रयोग । | विद्यालय, वडा नगरपालिका | विषयगत शिक्षक र परीक्षा समितिको बैठक बसी मूल्याङ्कनका साधनहरू तयार गर्ने | ४५ | ५० | ५५ | ४५ | ५५ |
| ३ | नियमित तथा आकस्मिक अनुगमन परीक्षा सञ्चालन तथा व्यवस्थापन । | प्र.अ., वडा, नगरपालिका , शिक्षा विकास इकाई | विद्यालय छनौट तथा अनुगमन | ६० | ६५ | ७० | ७५ | ८० |
| ४ | विषयगत कार्यशाला सञ्चालन । | विषय विज्ञ वडा र नगरपालिका | छलफल तथा अन्तरक्रिया | २५ | २६ | २७ | २८ | ३० |
| ५ | विद्यार्थी मूल्याङ्कन प्रणाली विषयमा अन्तरक्रिया बैठक छलफल । | प्र.अ. विज्ञ, वडा, नगरपालिका | नगरपालिका विषयगत शिक्षकहरूसँग समन्वय, सम्पर्क गरी कार्यक्रम कार्यान्वयन समन्वय, सम्पर्क तथा मूल्याङ्कन प्रणालीको विषयमा छलफल | ८० | ८५ | ९० | ९५ | ९५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | परीक्षा सञ्चालन तथा व्यवस्थापन । | परीक्षा सञ्चालन समिति वडा र नगरपालिका | प्रश्नपत्र, उत्तर पुस्तिका तयारी, परीक्षा केन्द्र छनौट र व्यवस्थापन, परीक्षण, सम्परीक्षण, नतिजा प्रकाशन | २५० | २५० | ३०० | ३५० | ३५० |

## ३.६ प्राविधिक तथा व्यवसायिक शिक्षा

**क. परिचय**

शिक्षाले गरी खाने सिप सिकाउन सकेन र शिक्षालयहरू बेरोजगार उत्पादन गर्ने थलो मात्र भए भन्ने गुनासो अहिले सर्वत्र सुनिने गरेको छ । यस्ता गुनासोहरूलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले एनेक्स कार्यक्रम मार्फत् सामुदायिक विद्यालयहरूमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । तर प्राविधिक तथा व्यावसायिक शिक्षाका यस्ता अवसरहरू सिमित भएको, उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको, आफैले केही गर्न पुँजी लगायत अन्य अवरोधहरू रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरू पनि सुनिन थालेका छन । अर्कोतिर कक्षा ६-८ को पाठ्यक्रममा राखिएको पेसा, व्यवसाय र प्रविधि शिक्षाको पढाइलाई व्यवहारिक बनाउने र विद्यार्थीहरूमा पेसा, व्यवसाय र प्रविधिप्रति रुचि जगाएर ज्ञान र सिपको विकासमा जोड दिनुपर्ने कुरा प्रति भने विद्यालयहरू त्यति सजग भएको देखिदैन । यस्तो अवस्थामा कक्षा ८ -१२ सम्म उत्तीर्ण गरेका र उच्च शिक्षाका लागी आर्थिक र बौद्धिक क्षमता तथा रुचि र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरू अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्तै आवश्यकताका आधारमा व्यक्तिहरूका लागि नगरपालिकाले रोजगारमूलक सिप सिक्ने अवसर प्रदान गर्नु पर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो । विद्यमान रूपमा यस नगरपालिकामा नेपाल सरकार मार्फत २ वटा सामुदायिक विद्यालय र CTEVT मार्फत ३ वटा सामुदायिक विद्यालय गरी ५ वटा सामुदायिक विद्यालयमा प्राविधिक धार सञ्चालन रहेका छन् ।

**ख. उद्देश्य**

- विद्यालय शिक्षाको माध्यमबाट मध्यम स्तरका जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षामा जोड दिनु ।
- माग र जनसंख्याको आधारमा थप प्राविधिक विद्यालयहरू स्थापना गर्नु ।
- प्राविधिक धार अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको संस्थागत विकास गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

**ग. रणनीतिहरु**

तत्कालीन

- सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरूको थप व्यवस्थापन गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- स्थानीय पाठ्यक्रममा स्थानीय पेशा तथा प्रविधिका विषयवस्तु समावेश गर्ने
- समय सान्दर्भिक र व्यावहारिक हुने गरी स्थानीय परिवेशसँग मेल खाने प्राविधिक विषयको पाठ्यक्रम निर्माण गरी स्थानीय कला संस्कृतिको संरक्षण एवं जगेर्ना गरिनेछ ।

**दीर्घकालीन**

- प्राविधिक तथा व्यवसायिक सिप भएका जनशक्ति तयार गर्ने ।
- थप प्राविधिक विद्यालय स्थापना गर्ने ।
- विद्यालयलाई प्रविधिमैत्री बनाउने ।
- आयुर्वेदिक शिक्षालयको स्थापना गरी सुखी जीवन जिउने शिक्षामा जोड दिइने छ ।
- सूचना प्रविधिको माध्यमबाट व्यावहारिक शिक्षा प्रदान गर्नका लागि सबै सरोकारवालाहरू लाई प्रविधि मैत्री बनाइनेछ ।
- जनसंख्या, माग र आवश्यकताको आधारमा उपयुक्त स्थानको पहिचान गरी (नदोहोरिने गरी) थप प्राविधिक विद्यालय स्थापना गर्न पहल गरिनेछ ।

**घ. कार्यनीतिहरु**

- विद्यालयको विद्यमान अवस्थाको मूल्याङ्कन गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।
- स्थानीय तहबाट बिभिन्न सहयोगको माध्यमबाट विद्यालयको विकासमा सहयोग पुर्याइनेछ ।
- विद्यालयमा अध्यापनरत जनशक्तिलाई अनिवार्य प्रविधिमैत्री बन्न र बनाउनका लागि कार्ययोजना तयार गरी कार्यन्वयनमा ल्याउनेछ ।

**ङ. कार्यान्वयन कार्यतालिका**

**१. भौतिक तथा शैक्षिक लक्ष्य प्रगति विवरण**

| क्र.स. | क्रियाकलाप | इकाइ | अनुमानित लागत (हजारमा) | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | |
| १ | भौतिक पूर्वाधारको विकास | संख्या | २ | ३ | २ | १ | ३ | |
| २ | प्रयोगशालाको व्यवस्था | संख्या | २ | ५ | ५ | ३ | ४ | |
| ३ | प्राविधिक ज्ञानयुक्त शिक्षकलाई | पटक | | १ | | १ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रोत्साहन कार्यक्रम | | | | | | | |
| ४ | थप प्राविधिक विद्यालय स्थापना | संख्या | | | १ | | | |
| ५ | जनशक्ति व्यवस्थापन | निरन्तर | | | | | | |
| ६ | विद्यालयमा कम्प्यूटर तथा सुचना प्रविधिको व्यवस्था | संख्या | | १ | ३ | २ | ४ | |
| ७ | पाठ्यक्रम व्यवस्थापन | पटक | १ | | | | | |
| ८ | आयुर्वेद शिक्षा स्थापना | संख्या | | | | | १ | |

## २.आर्थिक तथा वित्तीय प्रगति

| क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
| १ | भौतिक पूर्वाधारको विकास | नगरपालिका र विद्यालय | स्रोत व्यवस्थापन, नक्साङ्कन तथा भौतिक निर्माण | ५००० | ५५०० | ६००० | ६५०० | ७००० |
| २ | प्रयोगशालाको व्यवस्था | नगरपालिका र विद्यालय | विद्यालयको सुपरीवेक्षण पश्चात स्रोत व्यवस्थापन गरिने | ५०० | ६०० | ६५० | ७०० | ७५० |
| ३ | प्राविधिक ज्ञानयुक्त शिक्षकलाई प्रोत्साहन | नगरपालिका | विषयगत शिक्षक संग समन्वय तथा परामर्श | २० | २२ | २५ | २५ | २६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | | | |
| ४ | थप प्राविधिक विद्यालय स्थापना | वडा, नगर, प्रदेश र संघ | स्रोत व्यवस्थापन, नक्साङ्कन तथा थप प्राविधिक विद्यालय स्थापना | ५००० | ५००० | ५५०० | ६००० | ६५०० |
| ५ | जनशक्ति व्यवस्थापन | वडा, नगर, प्रदेश र संघ | स्रोत व्यवस्थापन , तालिम सञ्चालन नगरपालिका विषयवस्तु पहिचान, सहभागी छनौट, | १०० | १५० | १५० | १६० | १६० |
| ६ | विद्यालयमा कम्प्यूटर तथा सुचना प्रविधिको व्यवस्था | वडा, नगर, प्रदेश र संघ | कम्प्युटर नभएका विद्यालयहरूलाई शिक्षण सिकाइ सहयोगका लागि कम्प्युटरको व्यवस्था गर्ने र वेइव साइट डिजाइन, अपलोड गरी प्रचार प्रसार र प्रयोग | ४०० | ४५० | ४५० | ५०० | ५५० |
| ७ | पाठ्यक्रम व्यवस्थापन | नगरपालिका र विद्यालय | स्थानीय तहमा रहेका भौगोलिक ऐतिहासिक, पुरातात्विक, कला सहित्य, स्थानीय उपकरणहरू सम्बन्धित सरोकारवालाहरू | ३५० | ३५० | ३५० | ४०० | ४०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सँगको सहभागितामा पाठ्यक्रम निर्माण | | | | | |
| ८ | आयुर्वेद शिक्षा स्थापना | वडा, नगर, प्रदेश र संघ | आवश्यकताको पहिचान गरी उपयुक्त स्थानमा आयुर्वेद शिक्षालय स्थापना गर्ने | १०० | १५० | १५० | १५० | १५० |

## ३.७ अनौपचारिक शिक्षा, निरन्तर, खुला, समावेशी तथा जीवन पर्यन्त शिक्षा

**क. परिचय**

सिकाइलाई जीवनपर्यन्त चलिरहने प्रक्रियाका रूपमा लिने गरिन्छ । मानिसहरू औपचारिक, अनौपचारिक र अतिरिक्त पद्धतिको माध्यमबाट जीवन, जगत र वातावरणमा अन्तरक्रिया गर्दै अनुभवहरू हासिल गर्दछन् । केही न केही नयाँ कुराहरूको सिकाइ पनि भई नै रहेको हुन्छ । तर हाम्रो समाजमा निश्चित उमेर, समय र स्थानमा सञ्चालन गरिने औपचारिक शिक्षालाई मात्रै सिकाइ मान्ने चलन रहेको छ र त्यस्तो औपचारिक शिक्षाबाट विभिन्न कारणले बञ्चित भएका मानिसहरू 'उमेरमा पढ्न पाइएन' भन्दै पश्चाताप गरेको पनि सुन्न पाइन्छ । त्यस्ता मानिसहरूमा इच्छा र जाँगर भए जीवन भर सिकाइमा सक्रियता पूर्वक संलग्न रहन पाइन्छ भन्ने भावनाको विकास गर्न सकिएमा समृद्ध र सभ्य समाजको निर्माणमा सहयोग पुग्न सक्दछ । यसै कुरालाई मध्यनजर गर्दै साँफेवगर नगरपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनपर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरिएको छ । विगतमा सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षाको माध्यमबाट यस नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिएको छ । बसाइसराइ लगायत उमेर समूहको जनसंख्या थपिने सँगैसँगै निरक्षरहरूको संख्या वृद्धि हुने सम्भावना रहन्छ भने अर्कोतिर साक्षरता शिक्षा लिइ सकेकाहरूलाई निरन्तरता दिनका लागि निरन्तर शिक्षाको आवश्यकता हुन जान्छ । जीवनपर्यन्त शिक्षाको महत्त्व मानिसहरूलाई बुझाउनका लागि साक्षरताका सिपहरूलाई दैनिक जीवनका क्रियाकलापहरूसँग सम्बन्धीत गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सम्बन्धीत व्यक्तिलाई राम्रोसँग सुसूचित गराउनु आवश्यक हुन्छ । पढाइ, लेखाइ र सामान्य गणितीय सीपको सहयोगले कृषि, घरेलु उद्यम, व्यापार, पशुपालन लगायत धेरै प्रकारका पेशा व्यवसाय सञ्चालनमा ठुलो सहयोग हुन सक्ने र यस बाट आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने हुँदा स्थानीय स्तरकै उदाहरण सहितका सामग्रीहरूको निर्माण गरी सिकारुका अनुभवहरूलाई उपयोग गर्ने गरी जीवनपर्यन्त सिकाइलाई मूर्त रूप दिन योजना निर्माण गरिएको छ ।

**ख. उद्देश्य**

- साक्षर नागरिकलाई निरन्तर शिक्षाको माध्यमबाट सिपमूलक कार्यक्रमहरूमा आवद्ध गराउनु ।
- निरक्षरहरूको पहिचान गरी विभिन्न माध्यमबाट साक्षर बनाउनु ।
- जीवनपर्यन्त सिकाइमा जोड दिनु ।

**ग. रणनीतिहरु**

**तत्कालीन**

- औपचारिक शिक्षाको मूलधार बाहिर रहेका नागरिकलाई वैकल्पिक शिक्षाको व्यवस्था गर्ने ।

**दीर्घकालीन**

- सबै उमेर समूहका नागरिकलाई आजीवन शिक्षा/जीवनपर्यन्त शिक्षाको व्यवस्था गर्ने ।

**ङ. कार्यनीतिहरु**

- औपचारिक शिक्षाको मूलधार भन्दा बाहिर रहेका बालबालिकालाई सामुदायिक सिकाई केन्द्र एवम् शैक्षिक निकायले सञ्चालन गर्ने वैकल्पिक शिक्षाको माध्यमबाट शिक्षाको मूलधारमा ल्याइनेछ ।
- शिक्षकहरूको क्षमता अभिवृद्धि गरी स्थानीय रूपमा बोलिने भाषाहरूलाई व्यवहारिक रूपमा अन्तर संवादको रूपमा अगाडि बढाइनेछ ।
- औपचारिक शिक्षाबाट बञ्चित भएका नागरिकहरूलाई पेशा तथा प्रविधिसँग मेल खाने सिपहरू प्रदान गरी आय आर्जन क्रियाकलापमा आबद्ध गरिनेछ ।
- सबै उमेर एवंम् योग्यताका नागरिकहरूलाई समय अनुकूलको शिक्षामा अद्यावधि गराई जेष्ठ नागरिक, आमा समूह, बालिका शिक्षा, किशोरी शिक्षा, प्रविधियुक्त शिक्षा, व्यवहारिक शिक्षाको व्यवस्था गरिनेछ ।
- विज्ञान र प्रविधिले ल्याएका खोज अनुसन्धान, विपन्न र परम्परावादी सोचलाई वर्तमान सन्दर्भमा विज्ञानसँग जोड्दै पुर्खाले दिएको ज्ञानलाई व्यावहारिक बनाइनेछ ।

**च.कार्यान्वयन कार्यतालिका**

**१.भौतिक तथा शैक्षिक लक्ष्य प्रगति विवरण**

| क्र.स | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | |
| १ | सामुदायिक अध्ययन केन्द्र स्थापना तथा सञ्चालन | संख्या | | १ | २ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | बहुभाषामा शिक्षण | निरन्तर | | | | | | |
| ३ | छोटो अवधिको तालिम, समूह गठन तथा आय आर्जन सहयोग। | निरन्तर | | | | | | |
| ४ | सामुदायिक अध्ययन केन्द्रलाई प्रविधियुक्त गर्ने र पर्याप्त सिकाइ सामग्री उपलब्ध गर्ने | निरन्तर | | | | | | |
| ५ | पुस्ता–पस्ता बिच छलफल तथा सिकाइ हस्तारण। | निरन्तर | | | | | | |
| ६ | साक्षरता र निरन्तर शिक्षाकक्षा सञ्चालन | पटक | | १ | | | १ | |

## २. आर्थिक तथा वित्तीय प्रगति

| क्र. स | क्रियाकलाप | जिम्मेवार निकाय | कार्यविधि | अनुमानित लागत (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ |
| १ | सामुदायिक अध्ययन केन्द्र स्थापना तथा सञ्चालन | नगरपालिका र विद्यालय | स्थान पहिचान, स्रोत व्यवस्था गरी अधिकांश नागरिकलाई पायक पर्ने स्थानमा अध्ययन केन्द्र स्थापना गर्ने, सामग्रीको व्यवस्था | १५० | १५० | १६० | १६५ | १६५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | तथा प्रचार प्रचार गरी अध्ययनका लागि प्रोत्साहन गर्ने । | | | | | |
| २ | बहुभाषामा शिक्षण | नगरपालिका र विद्यालय | शिक्षकहरूलाई बहुभाषामा सिकाउन सक्षम बनाउने, सामग्रीहरूको व्यवस्थपन गरी कार्यान्विनका ल्याउन, बेला बेलामा अनुगमन गर्ने । | ५० | ५० | ५५ | ५६ | ५६ |
| ३ | छोटो अवधिको तालिम, समूह गठन तथा आय आर्जन सहयोग । | नगरपालिका | स्थानीय परिवेश, संभाव्यता र बजारको विश्लेषण गरी तालिमको छनौट गर्ने । र इच्छुक युवाहरू पहिचान गरी तालिम दिने र आयआर्जनको लागि सहयोग गर्ने । | ६५ | ७० | ७५ | ८० | ८५ |
| ४ | सामुदायिक अध्ययन केन्द्रलाई प्रविधियुक्त गर्ने र पर्याप्त सिकाइ सामग्री उपलब्ध गर्ने | वडा, नगर, प्रदेश र संघ | सिकारुहरूको इच्छा र वर्तमान परिवेश अनुसार वाइफाइको व्यवस्था गर्ने, स्थानीय ऐतिहासिक धरोहरहरूको विषयमा अध्ययन सामग्री निर्माण तथा अपलोड गर्ने । | १०० | १५० | १५० | १५० | १६० |
| ५ | पुस्ता–पस्ता | वडा, नगर, प्रदेश र संघ | पुराना तथा नयाँ पुस्ताबिच छलफल | १५० | १६० | १६५ | १७० | १७५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | बिच छलफल तथा सिकाइ हस्तारण । | | कार्यक्रम गर्ने र परम्मपरा देखि गर्दै आएका राम्रा अभ्यास पहिचान गरी निरन्तरताका लागि प्रोत्साहन गर्ने । | | | | | |
| ६ | साक्षरता र निरन्तर शिक्षाकक्षा सञ्चालन | वडा, नगर, प्रदेश र संघ | कार्यक्रम मार्फत कक्षा केन्द्रको व्यवस्था गरी साक्षरता तथा निरन्तर शिक्षाको कक्षा सञ्चालन । | ५५ | ६० | ६५ | ७० | ७५ |

## ३.८ संस्थागत विद्यालय

**क. परिचय**

सरकारको सार्वजनिक निजी साझेदारीको नीतिअनुसार शिक्षा क्षेत्रमा निजी लगानी बढ्दै गइरहेको छ र केही वर्ष अघि सहरी क्षेत्रमा मात्र सीमित निजी विद्यालयहरू हाल सानासाना गाउँ बस्तीहरूमा पनि खुलेका छन् । अहिले शुल्क तिर्न सक्ने अभिभावकहरूको पहिलो रोजाइमा परेको निजी विद्यालयको शिक्षा सामुदायिक विद्यालयको भन्दा गुणस्तरीय हुन्छ भन्ने विश्वास आम अभिभावकमा परेको छ । तर निजी विद्यालयहरू माथि पनि अनेक प्रकारका आरोपहरू लाग्ने गरेका छन् । विशेष गरी चर्को शुल्क उठाएको, शुल्क अनुसारको सेवा सुविधा नदिएको, अनावश्यक विषय र पुस्तकको भारी थोपरेको, सरकारले स्वीकृत गरेको पाठ्क्रम लागू नगरेको, कक्षाकोठा र फर्निचर उपयुक्त नभएको, ड्रेस लगायत शैक्षिक सामग्रीहरू विद्यालयबाट वितरण गर्ने गरेको जस्ता आरोपहरू निजी विद्यालयमा लाग्ने गरेको पाइन्छ । अर्को तिर निजी विद्यालयहरूको पनि आफ्नै गुनासो छ । गुणस्तरीय शिक्षामा गरेको योगदानलाई वेवास्ता गरेर निजी विद्यालयमा अध्ययन गरेका विद्यार्थीलाई राज्यले प्रदान गर्ने छात्रवृत्तिबाट वञ्चित गराएको, निजी विद्यालयमा सरकारी कर्मचारीका छोरा छोरीहरूलाई पढाउन निरुत्साहित गर्ने नीति लिएको, सेवा क्षेत्र भनिए पनि कुनै प्रकारको सहुलियत र छुट नदिइएको जस्ता गुनासो निजी विद्यालयका सङ्गठनहरूको रहेको पाइन्छ । यस्तो स्थितिमा निजी क्षेत्रले शिक्षामा गरिएको लगानीको सुरक्षागर्दै निजी विद्यालयहरूलाई नियमन गरेर सेवा मुखी बनाउनु पर्ने आवश्यकता रहेको छ । साँफेवगर नगरपालिका भित्र जम्मा ७ वटा संस्थागत विद्यालयहरू सञ्चालनमा रहेका छन्। ती विद्यालयहरू सेवामुखी बनाउँदै लैजाने लक्ष्यका शिक्षा रणनीतिक योजना तयार गरिएको छ ।

**ख.उद्देश्य**

- संस्थागत विद्यालयलाई प्रचलित ऐन र नियमावली बमोजिम नियमन गरी सेवामुखी बनाउनु ।
- विद्यालयमा सुशासन कायम गरी गुणस्तरीय शिक्षाको लागि अभिप्रेरित गर्नु ।

**ग.रणनीतिहरु**

**तत्कालीन**

- निजी लगानीमा खुलेका विद्यालयलाई नियमन गर्ने ।

**दीर्घकालीन**

- गुणस्तरीय शिक्षाका लागि प्रोत्साहन गर्ने ।
- विद्यालयमा सुशासन कायम गर्ने ।

**घ.कार्यनीतिहरु**

- अनुमति, शुल्क, छात्रवृत्ति, शैक्षिक क्यालेन्डर, पोसाक जस्ता सुविधाहरूका सम्बन्धमा नियमित अनुगमन गरी नियमन गरिनेछ ।
- लक्षित वर्गहरूका लागि विद्यालयले प्रदान गर्ने सेवा सुविधाहरू सुनिश्चित गरिनेछ ।
- सिकाइका लागि उपयुक्त वातावरण सृजना गर्न भौतिक सुविधा, जनशक्ति व्यवस्थापन, कक्षाकोठाको व्यवस्थापन, एवं बालमैत्री तथा सिकाइ मैत्री वातावरण निर्माणका लागि जिम्मेवार बनाइनेछ ।
- शिक्षकको पेसागत मूल्य मान्यताका लागि नियुक्ति बढुवा अवकाश लगायतका कुराहरूमा जिम्मेवारी बनाइने छ ।
- संस्थागत विद्यालयहरूमा उपलब्ध जनशक्तिहरूको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी, अन्तरक्रिया, अवलोकनका लागि विद्यालयलाई जिम्मेवार बनाइनेछ ।
- गुणस्तरीय सिकाइका लागि कक्षाकोठा अवलोकन, निरीक्षणमा जोड दिइनेछ ।
- मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरी वैज्ञानिक र गुणस्तरीय बनाउन जोड दिइनेछ ।
- शिक्षक अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- गुणस्तरीय सिकाइका लागि सामुदायिक तथा संस्थागत विद्यालयहरूलाई अनुभव आदान प्रदान सहितको साझेदारी कार्यक्रम सञ्चालन गर्न प्रोत्सहित गरिनेछ
- आचार संहिताको निर्माण, विद्यालयमा सुशासन कायम भए नभएको सुनिश्चित गरी विद्यालय सुशासन कायम गरिनेछ ।
- नियमितताका लागि ई–हाजिरीको व्यवस्था गर्न प्रोसाहित गरिनेछ ।
- नगरस्तरबाट सञ्चालन हुने विभिन्न शैक्षिक क्रियाकलापहरूमा विद्यालय विद्यार्थी एवं शैक्षिक संगठनहरूको प्रतिनिधित्व गराईने छ ।

## ङ. कार्यान्वयन कार्यतालिका

### १. भौतिक तथा शैक्षिक लक्ष्य प्रगति विवरण

| क्र. स. | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८ | २०७९ | २०८० | २०८१ | २०८२ | |
| १ | निजी विद्यालय नियमन गर्ने। | निरन्तर | | | | | | |
| २ | लक्षित वर्गको सेवा सुविधा वितरण। | पटक | | १ | | | | |
| ३ | कक्षा कोठाको अवलोकन एवं निरीक्षण गर्ने। | निरन्तर | | | | | | |
| ४ | प्रश्नपत्र निर्माण, मोडेरेशन उत्तर कुञ्जिका निर्माण, कापी परीक्षण, नतिजा प्रकाशन र विश्लेषण। | निरन्तर | | | | | | |
| ५ | विव्यस,अभिभावकको क्षमता अभिवृद्धि कार्यक्रम भए नभएको अनुगमन। | निरन्तर | | | | | | |
| ६ | संस्थागत तथा सामुदायिक विद्यालयका शिक्षकहरू बिच अन्तरक्रिया, गोष्ठी, बैठक। | निरन्तर | | | | | | |

